# प्रभाव दैनिक
National Daily



**निर्वाचनलाई वातावरणमैत्री बनाऔं ।**

- सभा, जुलुस, र्‍याली वा घरदैलोजस्ता कार्यक्रममा प्रयोग भएका सामग्रीको व्यवस्थापन गरौं ।
- निर्वाचन प्रचारप्रसार कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गरौं ।
- निर्वाचन प्रचारप्रसारमा आमसञ्चार तथा डिजिटल माध्यमलाई प्राथमिकता दिऔं ।
- निर्वाचन प्रचारप्रसारमा सभा, जुलस वा र्‍यालीमा ध्वनि तथा वायु प्रदूषण न्यून गर्ने उपाय अपनाऔं ।
- निर्वाचन प्रचारप्रसारमा प्लास्टिकजन्य सामग्रीको प्रयोग नगरौं ।
- निर्वाचनका समयमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिऔं ।
- निर्वाचनका समयमा पर्चारपोष्टर टाँस्ने वा भित्तेलेखन जस्ता कार्य नगरौं र नगराऔं ।
- निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं ।

हरित निर्वाचन अभियानलाई सफल पारौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



वर्ष १२ | अंक २८९ | काठमाडौं | मंगलबार, ०५ फागुन २०८२ | Prabhab National Daily | Tuesday, 17 February 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


काठमाडौं-५ को चुनावी दौड

# प्रमुख दलका उम्मेदवार बीचमै तीव्र प्रतिस्पर्धा

- नेपाली कांग्रेसका प्रदीप पौडेल, नेकपा एमालेका ईश्वर पोखरेल, राप्रपाका कमल थापा, नेकपाकी कल्पना शर्मा, रास्वपाका सस्मित पोखरेल, उज्यालो नेपाल पार्टीका श्रीराम गुरूङलगायत उम्मेदवार
- जेन–जी पुस्तालगायत आमनागरिकले उठाउँदै आएका सुशासन, आर्थिक विकास, समाजिक न्याय, सांस्कृतिक पहिचानजस्ता सवाललाई प्राथमिकतामा राखेको कांग्रेस उम्मेदवार पौडेलको भनाइ
- पोखरेलको एजेण्डा शैक्षिक र स्वास्थ्य संस्थाको पहुँच तथा गुणस्तर अभिवृद्धि, उत्पादन र रोजगारीलाई प्रत्यक्षरूपमा जनतासँग जोड्नुपर्ने
- नेकपाका उम्मेदवार शर्माको जोड भ्रष्टाचार नियन्त्रण र सुशासनमा
- राप्रपाका उम्मेदवार थापा राष्ट्रियता र भ्रष्टाचार नियन्त्रणका लागि हिन्दू राष्ट्र र राजसंस्था पुनःस्थापनाको पक्षमा


प्रदीप पौडेल


ईश्वर पोखरेल


कल्पना शर्मा


कमल थापा


श्रीराम गुरुङ


नीशा अधिकारी

**■ भीष्मराज ओझा**

**काठमाडौं–** आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनको मिति नजिकिँदै जाँदा मुलुकभर निर्वाचनमय वातावरण बन्दै गएको छ । यही फागुन २१ गते हुने निर्वाचनका लागि सोमबारदेखि प्रचारप्रसार गर्ने समय सुरु भएपछि चुनावी माहोल थप तातेको छ ।

संघीय राजधानी काठमाडौंको प्रतिनिधिसभा क्षेत्र नं ५ मा विगतमा विजयी हासिल गरेका र प्रमुख प्रतिस्पर्धी उम्मेदवारदेखि विभिन्न दलबाट नयाँ र स्वतन्त्र गरी २४ जनाले उम्मेदवारी दिएका छन् । यस निर्वाचन क्षेत्रमा उपप्रधानमन्त्रीदेखि मन्त्रीको जिम्मेवारी सम्हालिसकेका र पार्टीको प्रमुखदेखि वरिष्ठ उपाध्यक्ष, महामन्त्रीलगायत पद सम्हालेका व्यक्तिले उम्मेदवारी दिएका छन् ।

काठमाडौं-५ मा नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेल, नेकपा एमालेका वरिष्ठ नेता ईश्वर पोखरेल, राष्ट्रिय प्रजातन्त्र पार्टीका पूर्वअध्यक्ष कमल थापा, नेपाल कम्युनिस्ट पार्टीका कल्पना शर्मा र राष्ट्रिय स्वतन्त्र पार्टीका सस्मित पोखरेल उम्मेदवार छन् ।

यस निर्वाचन क्षेत्रमा २०७९ सालमा भएको प्रतिनिधिसभा निर्वाचनमा कांग्रेसका पौडेल १५ हजार २६९ मत प्राप्त गरी विजयी भएका थिए । उक्त निर्वाचनमा एमालेका पोखरेल १० हजार १९० मत प्राप्त गरी निकटतम् प्रतिस्पर्धी बनेका थिए । रास्वपाका डा. प्रणयशमशेर राणाले पाँच हजार ४७७ मत प्राप्त गरेका थिए भने राप्रपाका रामप्रसाद उप्रेतीले तीन हजार १६२ मत पाएका थिए ।

कांग्रेस महामन्त्रीसमेत रहेका पौडेलले जेन-जी पुस्तालगायत आमनागरिकले उठाउँदै आएका सुशासन, आर्थिक विकास, समाजिक न्याय, सांस्कृतिक पहिचानजस्ता सवाललाई प्राथमिकतामा राखेको बताए ।

'प्रविधियुक्त र जीवनोपयोगी शिक्षा, सबैका लागि व्यवस्थित सार्वजनिक पार्क, खुला र सुरक्षित सडक, सहज, सुलभ र प्रविधिमैत्री स्वास्थ्य प्रणालीः सबैका लागि स्वास्थ्य बिमा, हाम्रो सम्पदा, हाम्रो पहिचानः कला-संस्कृतिको संरक्षण र पर्यटन प्रवर्द्धन हाम्रा प्राथमिकतामा छन्,' उनले भने, 'त्यस्तै खानेपानी र ढल निकासः एकीकृत र दिगो व्यवस्थापन, युवा रोजगारी र उद्यमशीलताः नवपर्वतन र व्यावसायिक उत्थान, सामाजिक न्याय र सार्वजनिक सेवा प्रभावकारी बनाउनेलगायत विषय पनि हाम्रा मुद्दा हुन् ।'

क्रमशः पृष्ठ २ मा

रविविरुद्धको संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा

# रविलाई तत्काल उन्मुक्ति नदिन कास्की अदालतको आदेश

## तत्काल उन्मुक्ति दिने महान्यायाधिवक्ताको निर्णय अस्वीकार

- रविलाई उन्मुक्ति दिने प्रयासमा रूपन्देहीपछि कास्की अदालतको रोक
- सम्पत्ति शुद्धीकरण र संगठित अपराध मुद्दाको आरोपत्र संशोधन गर्न अस्वीकार
- सर्वोच्च अदालतमा विचाराधीन मुद्दाको आदेश पर्खिंदै दुई अदालत
- तीन मुद्दा थाप्लोमा बोकेर चुनावी प्रचारमा रवि
- लगालग दुई अदालतले रविविरुद्धको संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा फिर्ता लिन अस्वीकार गरेपछि महान्यायाधिवक्ता सविता भण्डारीमाथि नैतिक दबाब




**■ जेबी योञ्जन**

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेविरुद्धको संगठित र सम्पत्ति शुद्धीकरण मुद्दा फिर्ता लिन दुई जिल्ला अदालतले अस्वीकार गरेका छन् । रूपन्देही र कास्की जिल्ला अदालतले तत्काल मुद्दा फिर्ता लिन अस्वीकार गरेका हुन् ।

सर्वोच्च अदालतमा विचाराधीन मुद्दामा हुने आदेशलाई दुवै जिल्ला अदालतले कुर्ने भएका छन् । गत पुसमा महान्यायाधिवक्ता सविता भण्डारीले लामिछानेविरुद्धको मुद्दा फिर्ता लिने निर्णय गरेकी थिइन् । लगत्तै कास्की, रूपन्देही, काठमाडौं र पर्साका अदालतहरूलाई मुद्दा फिर्ता प्रक्रिया अगाडि बढाउन निर्देशन दिएकी थिइन् । यी जिल्लाहरूमा लामिछानेविरुद्ध संगठित र सम्पत्ति शुद्धीकरण मुद्दा छन् । त्यसपछि जिल्ला सरकारी वकिल कार्यालयहरूले मुद्दा फिर्ताका लागि आरोपपत्र संशोधनको निवेदन पेस गरेका थिए । कास्की अदालतमा पनि निवेदन थियो ।

उक्त निवेदनको सोमबार सुनुवाइ गर्दै न्यायाधीश नितिश राईको एकल इजलासले संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा फिर्ता नलिन आदेश दियो । न्यायाधीश राईले महान्यायाधिवक्ता कार्यालयको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट परेकाले तत्काल मुद्दा फिर्ता नहुने आदेश गरेका हुन् ।

इजलास अधिकृत गुरुदेव आचार्यका अनुसार सर्वोच्चबाट हुने आदेश जिल्ला अदालतमा पेस भएपछि मात्रै निर्णय हुने न्यायाधीश राईको इजलासबाट भएको हो । यसअघि रूपन्देही अदालतले यस्तै प्रकृतिको आदेश गरेको थियो । ६ माघमा न्यायाधीश श्यामलाल घिमिरेको इजलासले निवेदनमाथि सुनुवाइ गर्दै आदेश दियो, 'उक्त विषयमा सर्वोच्च अदालतमा परेको रिट विचाराधीन नै रहेको बुझिन आएकोले त्यसको अन्तरिम आदेशको विषयमा अन्तिम टुंगो लागेपछि मात्रै पेस गर्नू ।'

लगालग दुई अदालतले लामिछानेविरुद्धको संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा फिर्ता लिन अस्वीकार गरेपछि महान्यायाधिवक्ता भण्डारीमाथि नैतिक दबाब परेको छ । भण्डारीले ३० पुसमै मुद्दा फिर्ता लिनेगरी आरोपपत्र संशोधन गराउन निर्णय गराएकी हुन् । दुई गम्भीर मुद्दाबाट लामिछानेलाई उन्मुक्ति दिने षड्यन्त्रको आधारमा आरोपपत्र संशोधनको प्रयास भएको हो । उस्तै प्रकृतिको अन्य प्रतिवादीको मुद्दा फिर्ता नलिने तर रविको मात्रै लिने महान्यायाधिवक्ताको निर्णय विवादित नै भयो ।

विवादकै कारण महान्यायाधिवक्ता भण्डारीले अन्यको पनि मुद्दा फिर्ता लिन आरोपपत्र संशोधनमा स्वीकृति दिने निर्णय गरिन् । त्यो निर्णयले लामिछानेमात्रै नभई गोर्खा मिडियाका सबै (५० जना) आरोपीलाई संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दामा उन्मुक्ति हुन्थ्यो । तर, सर्वोच्चमा २ माघमै त्यसविरुद्ध युवराज सफलको रिट दर्ता भयो ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भ : वैदेशिक रोजगार

# म्याण्डेटविपरीत नीतिगत सुधारमा केन्द्रित श्रममन्त्री भण्डारी

## विज्ञ भन्छन्- अहिले नीतिगत सुधार होइन, भएका नीति कार्यान्वयनमा केन्द्रित हुनु उपयुक्त

हालको सरकारले चुनाव गराउने र सुशासनको प्रत्याभूति दिलाउनेमात्र हो । 'रिफर्म' गर्ने म्याण्डेट छैन । सरकारले भएका नीति नियमलाई प्रभावकारी बनाउन सक्छ ।

**■ रामेश्वर नेपाल**
श्रमविद्

छोटो समयमा आउनुभएको छ । दैनिकरूपमा श्रमिकले दुःख पाइरहेको काममा सहजीकरण गर्दा उपयुक्त देखिन्छ । भएका नीति नियममा टेकेर काम गर्न सक्ने ठाउँ जति पनि छन् । त्यो नै प्रभावकारी हुन्छ अहिले ।

**■ डा. केशव बस्याल**
आप्रवासनविद्




**■ ममता थापा**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार क्षेत्रका बेथिति हटाउन आवश्यक नीतिगत सुधारका काममा केन्द्रित भएको छ । मन्त्रालयले वैदेशिक रोजगारसम्बन्धी विभिन्न १६ वटा विषयको सूची बनाएर विज्ञहरूसँग छलफल गर्ने अभियानलाई तीव्रता दिएको छ । तर विज्ञहरूले भने अन्तरिम सरकारको कार्यकाल सकिन लागेकाले भएका नीति नियमको प्रभावकारी कार्यान्वयन गराउनमा केन्द्रित हुँदा उपयुक्त हुने सुझाव दिएका छन् ।

गत माघ २० गते मन्त्रालयको अर्धवार्षिक समीक्षामा श्रममन्त्री राजेन्द्रसिंह भण्डारीले वैदेशिक रोजगार ऐनअन्तर्गतको नियमावलीमा संशोधन गरेर श्रमिकमैत्री प्रावधान बनाउने घोषणा गरेका थिए । 'फ्रि-भिसा, फ्रि-टिकट', स्वास्थ्य परीक्षणलगायतका कार्यविधिमा आवश्यक संशोधन गरेर एक महिनाभित्र सुधार गर्ने भनिएको छ । यसका लागि बनाएका विभिन्न कार्यदलले विषयविज्ञसँगको छलफललाई निरन्तरता दिइरहेका छन् । यद्यपि मन्त्रालयसँग नीतिगत सुधार गर्ने समय र कार्यादेश दुवै नभएको श्रमविद् रामेश्वर नेपालको तर्क छ । भएका कानुनको कार्यान्वयनमा लाग्दा उचित हुने उनले बताए ।

'हालको सरकारले चुनाव गराउने र सुशासनको प्रत्याभूति दिलाउनेमात्र हो । 'रिफर्म' गर्ने म्याण्डेट छैन । सरकारले भएका नीति नियमलाई प्रभावकारी बनाउन सक्छ,' उनले भने, 'मन्त्रालयअन्तर्गतको वैदेशिक रोजगार विभागमा श्रम स्वीकृति गर्न अण्डर टेबल दिनुपर्छ, यसमा कडाइ गर्न सकिन्छ । चुहावटहरू रोक्न सकिन्छ । उहाँकै मन्त्रालयभित्र कति घुस्याहाहरू होलान् । त्यसलाई एक्सपोज गर्न सकिन्छ । अपरेसनल पार्टमा लाग्ने हो भने धेरै ठाउँ खुला छ ।'

रातारात सबै सुधार्छु भनेर लाग्दा अराजकता हुने श्रमविद् नेपालको भनाइ छ । नीतिगत सुधारका कामलाई विधि, प्रक्रिया र समय लाग्ने उनले बताए । 'अब १५ दिनजति बाँकी होला । जननिर्वाचित सरकारलाई पर्खनुहोस् । मन्त्री भएँ, कुर्सीमा बसेँ भन्दैमा सबै चिज गरिहाल्दा अराजकता हुन्छ,' उनले भने, 'मन्त्रालयले सुधार गर्ने भनेका कतिपय विषय वर्षौं लाग्नेहरू पनि छन् ।'

क्रमशः पृष्ठ २ मा

# 'चुनाव नीतिप्रधान हुनुपर्छ'



निर्वाचन खर्चको हद पार गरे उम्मेदवारी खारेज गरिनेसम्मको कारबाही हुन्छ, आइतबारमात्र आयोगले निर्वाचनको प्रचारप्रसार गर्दा पालना गर्नुपर्ने विषयमा ६३ बुँदामा गर्न हुने र नहुने विषयमा जानकारी गराएको छ । देशलाई सुशासनमा लैजान मितव्ययी निर्वाचन आवश्यक छ, राजनीतिलाई व्यापारीकरण गरिनुहुन्न ।

**■ रामप्रसाद भण्डारी**
कार्यवाहक प्रमुख
निर्वाचन आयुक्त

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन धनभन्दा नीतिप्रधान हुनुपर्ने बताएका छन् ।

निर्वाचन आयोगद्वारा आयोजित 'निर्वाचन प्रचारप्रसार खर्च व्यवस्थापन र निर्वाचनमा महिलाका लागि सुरक्षित वातावरण प्रवर्द्धन'सम्बन्धी कार्यक्रमलाई सम्बोधन गर्दै उनले नीतिलाई प्रधानता दिएर दल र उम्मेदवार परिचालित हुनुपर्नेमा जोड दिए । वि.सं. २०४३ मा रूपचन्द्र विष्टले आफ्ना नीति, कार्यक्रमसहित जनतासँगै पैसा मागेर चुनाव जित्नुभएको स्मरण गरे । त्यसबेला यस्तै उम्मेदवार नौ जनाले जितेको पनि उनले सुनाए ।

'निर्वाचन खर्चको हद पार गरे उम्मेदवारी खारेज गरिनेसम्मको कारबाही हुन्छ, आइतबारमात्र आयोगले निर्वाचनको प्रचारप्रसार गर्दा पालना गर्नुपर्ने विषयमा ६३ बुँदामा गर्न हुने र नहुने विषयमा जानकारी गराएको छ । देशलाई सुशासनमा लैजान मितव्ययी निर्वाचन आवश्यक छ, राजनीतिलाई व्यापारीकरण गरिनुहुन्न,' उनले भने ।

पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा त्यसअघिका कानुनभन्दा नयाँ कानुन तर्जुमा गरेर चुनाव गराइएको स्मरण गरे । चुनावमा गरिने खर्च नै देशमा भ्रष्टाचार बढाउने माध्यम बनेकाले यसमा सुधारका लागि आयोगको पहल सकारात्मक रहेको उनको भनाइ थियो ।

आयोगका सचिव कृष्णबहादुर राउतले निर्वाचन लोकतन्त्रको आधारभूत मान्यता भएको उल्लेख गर्दै निर्वाचनमा सहभागी हुने दल र उम्मेदवारले खर्च पारदर्शी बनाउनुपर्ने बताए ।

## आचारसंहिता उल्लंघन गर्नेलाई स्पष्टीकरण

**काठमाडौं (प्रस)–** फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन नजिकिँदै जाँदा आचारसंहिता उल्लंघन गर्ने क्रम पनि बढ्दै गएको छ । निर्वाचन आयोगले निर्वाचन आचारसंहिता उल्लंघन गर्नेमाथि स्पष्टीकरण सोधे पनि उल्लंघनको क्रम रोकिएको छैन । यद्यपि, आयोगले आचारसंहिता पालनामा कडाइ गर्दै लगेको छ ।

केन्द्रीय आचारसंहिता अनुगमन समितिमा सोमबारसम्म ६६ उजुरी परेकामा सम्बन्धित राजनीतिक दल तथा उम्मेदवारलाई स्पष्टीकरण सोधिएको आयोगले जानकारी दिएको छ । जसमध्ये ३२ वटाको जवाफ प्राप्त भएको आयोगको भनाइ छ ।

आयोगले निर्वाचन आचारसंहिता उल्लंघन गरेको भनी उजुरी परेका राजनीतिक दल, उम्मेदवार, सरकारी एवं गैरसरकारी संस्था, सञ्चारमाध्यम र पत्रकारलाई स्पष्टीकरण सोधेको हो ।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमश:

## रविलाई...

त्यहाँ ८ जेठमा सुनुवाइका लागि मुद्दाको पेसी न्यायाधीशहरू मनोजकुमार शर्मा र बालकृष्ण ढकालको संयुक्त इजलासमा तोकियो । तर, न्यायाधीश ढकालले हेर्न नमिल्ने भयो ।

त्यसपछि अर्को पेसी ११ माघमा तोकियो । न्यायाधीशहरू मनोजकुमार शर्मा र श्रीकान्त पौडेलको इजलासले फौजदारी कार्यविधि संहिताको दफा ३६ अनुसार अभियोगपत्र संशोधन गर्ने थप प्रमाण के फेला परेको हो ? सक्कल फाइलसहित पेस गर्न आदेश दियो ।

यससँगै लामिछानेसहित ५० जना सहकारी ठगी आरोपीहरूविरुद्धको सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दा तत्काल फिर्ता नहुने भएको हो । यदि कास्की र रूपन्देही अदालतले सरकारी वकिल कार्यालयको निवेदनअनुसार आरोपपत्र संशोधन गरेको भए लामिछानेसँगै पूर्वडिआइजी छविलाल जोशी, लीला पछाइ, सहकारीका पूर्वअध्यक्ष जिबी राई, उनका दाजु भूपेन्द्र राई, वर्तमान अध्यक्ष थानबहादुर बुढा, सञ्चालक समितिका उपाध्यक्ष कैलाशकुमार दर्लामी, सचिव धीरजकुमार दास, कोषाध्यक्ष कुमार रम्तेल, सदस्यहरू हेमन्त अधिकारी, कविता तामाङ र प्रमोद भट्टराईले उन्मुक्ति पाउने थिए । सहकारी पूर्वसचिव अनुज नकर्मी र सुरज श्रेष्ठ, सञ्चालक सदस्यहरू शिवबहादुर गुरुङ, भविश्वर अर्याल र आइस्मा गुरुङ, लेखा समिति संयोजक सागर केसी, सदस्य दिनेश रोका, ललिता तमाङ, लेखा अधिकृत सृष्टि मानन्थर, कर्जा अधिकृत बुद्धि गुरुङविरुद्धको पनि आरोपपत्र संशोधन हुने थियो । तर, अदालतको आदेशले यो प्रक्रिया रोकियो ।

लामिछाने हाल चुनावी अभियानमा छन् । कतिपय मतदाताले सहकारी ठगी गरेको भन्दै उनलाई प्रश्न गर्दै आएका छन् । उनी यसमा जवाफविहीन हुँदै आएका छन् ।

■■■

## प्रमुख दलका...

एमालेको गत मंसिर २७ गतेदेखि भएको ११औं महाधिवेशनमा अध्यक्षमा निकटतम् प्रतिपर्स्धी रहिसकेका वरिष्ठ नेता पोखरेलले शैक्षिक र स्वास्थ्य संस्थाको पहुँच तथा गुणस्तर अभिवृद्धिका लागि व्यवस्थित गर्नुपर्नेलगायत विषय आफ्नो प्राथमिकतामा रहेको बताए । पूर्वउपप्रधानमन्त्रीसमेत रहेका उनले भने, 'उत्पादन र रोजगारीलाई प्रत्यक्षरूपमा जनतासँग जोड्नुपर्ने छ, सहरी सुविधा व्यवस्थापनका लागि अधुरा भौतिक पूर्वाधार सम्पन्न गर्नुपर्ने र थप निर्माण गर्नुपर्ने विषय हाम्रो एजेण्डामा छन् ।'

पूर्वउपप्रधानमन्त्रीसमेत रहेका राप्रपाका उम्मेदवार थापाले राष्ट्रियता र भ्रष्टाचार नियन्त्रणका लागि हिन्दू राष्ट्र र राजसंस्था पुनःस्थापनाको विषयलाई मुख्य एजेण्डा बनाएका छन् । 'हाँडीगाउँ र टोखालाई सांस्कृतिक नगरका रूपमा विकास गर्नेछौं, विष्णुमती, धोबिखोला करिडोरलगायतका बस्तीलाई व्यवस्थित बनाउने छौं,' उनले भने ।

नेकपाका उम्मेदवार शर्माले भ्रष्टाचार नियन्त्रण र सुशासन आफ्नो प्रमुख मुद्दा भएको बताए । शिक्षा र स्वास्थ्यमा समयानुकूल परिमार्जन र सहज पहुँचको विषयलाई चुनावी मुद्दा बनाएका उनले भने, 'सामाजिक न्याय र सेवा प्रवाहलाई प्रभावकारी र चुस्त बनाउनु हाम्रो प्राथमिकताको विषय हो, समयानुकूल कानुन निर्माण र संशोधन अपरिहार्य छ, त्यसका लागि हामी तालिकासहित अघि बढ्नेछौं ।'

रास्वपाका पोखरेलले उत्तरदायित्व, पारदर्शिता र प्रत्यक्ष संवादमार्फत जवाफदेही प्रतिनिधित्व स्थापित गर्ने अठोट व्यक्त गरे । यस निर्वाचन क्षेत्रका सबै वडामा, प्रत्येक महिनामा एक वडा केन्द्रित गर्दै सुनुवाइ सञ्चालन गर्ने उल्लेख गर्दै उनले भने, 'स्थानीयका गुनासा, सुझाव, अपेक्षा र प्राथमिकतालाई प्रत्यक्षरूपमा अभिलेखीकरण गरी, तिनलाई संसद्मा नीतिगत बहस र कार्यक्रम निर्माणसँग जोड्नेछौं ।' आगामी निर्वाचनका लागि यस क्षेत्रमा जनता समाजवादी पार्टी नेपालबाट दानिन्द्र जोशी, नेपाल मजदुर किसान पार्टीबाट शोभालाल श्रेष्ठ, राष्ट्रिय जनमोर्चाबाट अशोकविक्रम जिसी, प्रगति लोकतान्त्रिक पार्टी विष्णु श्रेष्ठ, मंगोल नेसनल अर्गनाइजेसनबाट मीरा गुरुङ, संयुक्त नागरिक पार्टीबाट स्यामकाजी सुनुवार उम्मेदवारी दिएका छन् ।

नेपाल कम्युनिस्ट पार्टी (संयुक्त) निमेस खनाल, गतिशील लोकतान्त्रिक पार्टीबाट नीशा अधिकारी, जय मातृभूमि पार्टीबाट वसन्तराज कुँवर, श्रम संस्कृति पार्टीबाट अमित थापा, नेपाल कम्युनिस्ट पार्टी माओवादीबाट ज्ञानेन्द्र प्रजापति, उज्यालो नेपाल पार्टीबाट श्रीराम गुरुङ, त्रिमूल नेपालबाट रमेश तामाङ, नेपाल कम्युनिस्ट पार्टी मार्क्सवादी (एकल चुनाव चिह्न) बाट युवराज काफ्ले, आम जनता पार्टी (एकल चुनाव चिह्न) बाट कोमल पौडेलले उम्मेदवारी दिएका छन् । स्वतन्त्र उम्मेदवारका रूपमा क्यामुना मिजार, ढकबहादुर कार्की, धर्म डंगोल, प्रभा श्रेष्ठ र रमिता सापकोटा छन् ।

समानुपातिकतर्फ गत निर्वाचनमा रास्वपाले ११ हजार ६४७, कांग्रेसले १० हजार ४३, एमालेले नौ हजार ६५२, राप्रपाले सात हजार २०१, माओवादी केन्द्रले एक हजार २२४ मत प्राप्त गरेका थिए ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ मुलुकभर ६५ राजनीतिक दलले ६१ निर्वाचन चिह्नमा प्रतिस्पर्धा गर्दै छन् । प्रत्यक्षतर्फ तीन हजार ४०६ उम्मेदवार प्रतिस्पर्धामा छन् ।

त्यस्तै, समानुपातिक निर्वाचन प्रणालीतर्फ ६३ राजनीतिक दलले ५७ निर्वाचन चिह्नमा चुनाव लड्दै छन् । यस प्रणालीका लागि महिला एक हजार ७७२ र पुरुष एक हजार ३६३ उम्मेदवार गरी तीन हजार १३५ उम्मेदवारको नाम बन्द सूचीमा समावेश छ । निर्वाचन आयोगले सोमबार (माघ ४) देखि निर्वाचन आचारसंहिता लागू गरेको छ ।

यसपटकको निर्वाचनका लागि ९२ लाख ४० हजार १३१ महिला, ९६ लाख ६३ हजार ३५८ पुरुष र २०० अन्य गरी कूल एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता कायम रहेका छन् । निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदानस्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको छ । *रासस*

■■■

## म्याण्डेटविपरीत...

रातारात सबै गरिहाल्छु भन्ने पाराले देश चल्दैन । एउटा म्याण्डेटमात्रै बोकेर आएको मन्त्रीज्यूले त्यो गर्नुहुन्छ भने पर्सी जननिर्वाचित भनेर आउनेले अर्को गर्न खोज्ला ?'

त्यस्तै, आप्रवासनविद् डा. केशव बस्याल पनि हालको सरकारसँग धेरै समय नभएको अवस्थामा श्रमिकले दैनिकरूपमा झेलिरहेका समस्यालाई सहजीकरण गर्नतर्फ लाग्दा उपयुक्त हुने बताउँछन् । आफू पदमा बसुञ्जेल कामलाई अगाडि बढाउँछु भन्नु सकारात्मक भए पनि निर्वाचन आचारसंहितालगायतका कारण निर्णयहरू अड्किन सक्नेतर्फ पनि सजग हुनुपर्ने उनको सुझाव छ ।

'छोटो समयमा आउनुभएको छ । दैनिकरूपमा श्रमिकले दुःख पाइरहेको काममा सहजीकरण गर्दा उपयुक्त देखिन्छ । भएका नीति नियममा टेकेर काम गर्न सक्ने ठाउँ जति पनि छन् । त्यो नै प्रभावकारी हुन्छ अहिले,' उनले भने, 'नागरिक र आप्रवासीको पक्षमा भइरहेको काम राम्रा भए पनि कानुनीरूपमा गर्न सक्ने निर्णयहरू निर्वाचन आचारसंहिताजस्ता कारणले अघि नबढ्न सक्छ । अहिले गरिहालौं, पछि देखाजाला भन्दा त्यति अध्ययन नपुगेको हो कि भन्ने देखिन्छ ।'

वैदेशिक रोजगारीको क्षेत्रमा निडर भएर काम गर्नु आवश्यक भए पनि मिडियामा आएका कुराको मात्र पछि लाग्दा दिगो नहुने बस्यालको सुझाव छ । फ्रि-भिसा खारेज गर्नेजस्ता निर्णय गरिरहँदा यसको विकल्प के हो भनेर दिनसक्नुपर्ने उनले बताए । यो समयमा विगतका आयोगले दिएका प्रतिवेदनहरू कार्यान्वयन भएका छैनन् भने त्यसको आधारमा सुधारका काम गर्न सकिने उनले बताए ।

गत मंसिर २६ गते पदभार सम्हालेका मन्त्री भण्डारीले नतिजा ल्याउन एक हप्ता पर्याप्त हुने भन्दै सुशासनको अनुभूति हुनेगरी काम गर्ने प्रतिबद्धता जनाएका थिए । रोजगारीमा जाने श्रमिकलाई कुनै पक्षले प्रताडित बनाउन हुँदैन भन्दै मन्त्री भण्डारी कार्यविधिसंशोधनको काममा लागेका छन् । यसकारण मन्त्रालयले पूर्वप्रस्थान अभिमुखीकरण (पिडिओटी), स्पेसल टास्क फोर्स, शासकीय सुधार, 'फ्रि-भिसा, फ्रि-टिकट', स्वास्थ्य परीक्षणलगायतका क्षेत्रका लागि छुट्टाछुट्टै कार्यदल बनाएको छ । ती कार्यदलले विज्ञसँग छलफल गरिरेर प्रतिवेदन पेस गरेपछि त्यहीअनुसार अघि बढ्ने मन्त्रालयले जनाएको छ ।

■■■

## आचारसंहिता...

दर्ता भएका सञ्चारमाध्यम र त्यहाँ आबद्ध पत्रकारलाई भने प्रेस काउन्सिल नेपालमार्फत स्पष्टीकरणलगायत कारबाहीका लागि लेखी पठाइएको आयोगका कानुन अधिकृत मोहनराज जोशीले जानकारी दिए ।

जिल्लास्तरमासमेत निर्वाचन आचारसंहिना उल्लंघनविरुद्धका उजुरी प्राप्त भई आवश्यक कारबाही भइरहेको छ । निर्वाचन आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लंघनका घटनालाई न्यूनीकरण गर्न आयोगले प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारबाहीको प्रक्रिया अघि बढाइरहेको छ । प्राप्त भएका ३२ जवाफको अध्ययन भइरहेको कानुन अधिकृत जोशीले बताए । आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुमगन अधिकृत तथा सम्बन्धित निर्वाचन कार्यालय क्रियाशील रहेको उनले बताए ।

जिल्लास्तरमा आचारसंहिता अनुगमनलाई प्रभावकारी बनाइ कार्यान्वयन सुनिश्चितताका लागि निर्वाचन आचारसंहिता, २०८२ को दफा ३२ बमोजिम ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई आर्थिकबाहेकका अन्य विषयमा र प्रमुख कोष नियन्त्रक/कोष नियन्त्रकलाई आर्थिक विषयमा अनुगमन गर्न आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ । छोटो समयमै सबै जिल्लामा सरोकारवालाहरूलाई आचारसंहिताबारे जानकारी गराउने र आचारसंहिता पालना गर्ने प्रतिबद्धता गराउने कार्य प्रभावकारीरूपमा भइरहेको कानुन अधिकृत जोशीले बताए । जिल्लास्तरमा आएका उजुरीका सम्बन्धमा जिल्लाबाटै स्पष्टीकरण सोधी जवाफ माग गरेर दोषी देखिएकालाई कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको आयोगले जनाएको छ ।

## ललितपुरमा २३ जना उम्मेदवारले बैंक खाता खोल्न लिए सिफारिस

**ललितपुर (प्रस)**– आगामी प्रतिनिधिसभा निर्वाचनका लागि यहाँका तीनवटा निर्वाचन क्षेत्रबाट उम्मेदवारी दर्ता गराएका ७१ मध्ये २३ जना उम्मेदवारले बैंक खाता खोल्न सिफारिस लिएका छन् । जिल्ला निर्वाचन कार्यालयकी सूचना अधिकारी समिता बस्नेतका अनुसार विभिन्न राजनीतिक दल तथा स्वतन्त्र गरी सोमबारसम्म २३ उम्मेदवारले सिफारिस लिएका हुन् ।

निर्वाचन आयोगले आगामी निर्वाचनलाई लक्षित गर्दै 'प्रतिनिधिसभा सदस्य निर्वाचन प्रचारप्रसार बैंक खाता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२' जारी गरेको छ । उक्त कार्यविधिअनुसार प्रत्येक राजनीतिक दल र उम्मेदवारले निर्वाचन प्रचार खर्चका लागि छुट्टाछुट्टै बैंक खाता खोल्नुपर्ने व्यवस्था गरिएको छ ।

ललितपुर क्षेत्र नं १ मा २८ जनाले उम्मेदवारी दर्ता गराएका छन् । तीमध्ये १२ जना स्वतन्त्र उम्मेदवार रहेका छन्, भने २५ जना पुरुष र तीन जना महिला उम्मेदवार छन् । ललितपुर क्षेत्र नं २ मा २३ जनाले उम्मेदवारी दर्ता गराएका छन् । तीमध्ये सात जना स्वतन्त्र र १६ जना विभिन्न राजनीतिक दलका उम्मेदवार छन् । यस क्षेत्रमा दुई जना महिला उम्मेदवार रहेका छन् ।

त्यसैगरी ललितपुर क्षेत्र नं ३ मा २३ जनाले उम्मेदवारी दर्ता गराएकोमा तीन जनाले उम्मेदवारी फिर्ता लिएपछि हाल २० जना उम्मेदवार कायम रहेका छन् ।

---

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/११/०५ गते**

यस कम्पनीको मिति २०८२/१०/११ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **रिभेरा इन्फो ट्रेड प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/१३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **आयत ईन्टरेशनल प्रा.लि. (प्रा.लि.नं. १९६७९६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/१२/२८ मा दर्ता कायम भएको **क्यान्डीड कन्सल्टेन्सी प्रा.लि.** (प्रा.लि.नं. २१२९२६/२०७५/०७६) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२/११/०४ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री संजय कुमार शाह/ लिक्विडेटर**
**इजाजत पत्र नं. ३९१/फोन नं. ९८४१४४९३३८**

### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०७९/०६/२८ मा दर्ता भएको प्रा.लि.नं. ३००७४६ को **शु मिथला पोलिक्लिनिक प्रा.लि.** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हक दावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७१/०३/१७ मा दर्ता भएको **प्रा. लि. नं. १२४०४०** को **गृहलक्ष्मी प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/११/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### माइग्रेसन हरायो

**मिति २०८१, माघ २२ गते स्वयम्भु चोकदेखि भगवानपाउ तर्फ जाने क्रममा प्रथम राईको राष्ट्रिय परिक्षा बोर्डको माइग्रेसन सर्टिफिकेट हराएको हुनाले फेला पर्नु हुने महानुभावले नजिकको प्रहरी चौकी या ९७६७३१३२२२ मा सम्पर्क गरिदिनुहोला ।**

Registration No.: **772511642**
Migration Serial No.: **M37736**

### अधिकृत वारेसनामा वदर गरिएको सूचना

म तारा अधिकारी खतिवडा अ.वा.दिने र सुमन खनाल अ.वा.लिने भई श्री भक्तपुर जिल्ला अदालतबाट मिति २०८१।०१।२७ मा द.नं.३८५ मार्फत मेरो नाममा मालपोत कार्यालय, भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला ताथली वडा नं. ८ग कि.नं.१२७१ को क्षे.फ.०-५-०-० जग्गा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५३ र १५४ वमोजिम विक्री वितरण हकस्तान्तरणको लागि अ.वा.दिएकोमा उक्त कार्य म आफैले गर्ने भएको हुँदा उक्त अ.वा.को लिखत मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५(ग) वमोजिम वदरका लागि यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित मिति देखि उक्त अधिकृत वारेसनामा वदर भएको जानकारी सम्बन्धित सबैलाई गराउँछु।

### ३५ दिने हकदावी गर्न आउने सार्वजानिक सूचना

२०७३/०८/०८ मा दर्ता भएको यस **सत्कार मल्टिपर्पोज प्रा.लि.** (प्रा.लि.नं. १५८९१३) लाई मिति २०८२/११/०४ गते बसेको बिशेष साधारणसभाको निर्णयानुसार यस कम्पनीलाइ स्वेच्छिक खारेजी गर्ने निर्णय गरिएको हुनाले यस कम्पनी प्रति कसैको कुनै प्रकारको आर्थिक लगाएतको दावी भएमा आजको मितिले ३५ दिन भित्र यस कम्पनीको खारेजीकर्ताको कार्यालयमा दावी गर्न आउनु भनि यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ । दावी गर्न आउँदा सक्कल प्रमाण सहित आउनु हुन अनुरोध गरिन्छ ।

**खारेजीकर्ता (लिक्विडेटर) सन्तोष राना मगर (इजाजत नं. १६५)**
**का.म.न.पा. २९, काठमाडौं सम्पर्क नम्बर (९८१३२४४६५५)**

### मोटरसाइकल हरायो

हुलास फिनसर्भ हायर पर्चेज लिमिटेडको नामबाट ऋणी असलम मियाँ मन्सुरको नाममा रहेको । निम्न ब्योहोरा रहेको मोटरसाइकल मिति २०८२।१०।२१ गते काठमाडौं जिल्ला चन्द्रागिरी न.पा.-१५, तिनथाना मुनाल क्लब सडकको पेटि पार्किङ गरी राखेको ठाउँबाट बेलुकाको अन्दाजी २०:३० बजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

प्रकार – Pulsar 220 ABS (New)
बाई नं. BA PRA 02, 063 PA 3221
चेसिस नं. MD2A13EX8SCG87929
इन्जिन नं. DKXCSG49141
रङ – Black And Red
सम्पर्क – 9818712508

### ३५ दिने हकदावी गर्न आउने सार्वजानिक सूचना

२०६५/०६/१३ मा दर्ता भएको यस **आई.एम. प्रपर्टी प्रा.लि.** (प्रा.लि.नं. ५६६३७) लाई मिति २०८२/११/०४ गते बसेको बिशेष साधारणसभाको निर्णयानुसार यस कम्पनीलाइ स्वेच्छिक खारेजी गर्ने निर्णय गरिएको हुनाले यस कम्पनी प्रति कसैको कुनै प्रकारको आर्थिक लगाएतको दावी भएमा आजको मितिले ३५ दिन भित्र यस कम्पनीको खारेजीकर्ताको कार्यालयमा दावी गर्न आउनु भनि यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ । दावी गर्न आउदा सक्कल प्रमाण सहित आउनु हुन अनुरोध गरिन्छ ।

**खारेजीकर्ता (लिक्विडेटर) सन्तोष राना मगर (इजाजत नं. १६५)**
**का.म.न.पा. २९, काठमाडौं सम्पर्क नम्बर (९८१३२४४६५५)**

### मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेड

**अनामनगर-२९, काठमाण्डौ । फोन नं: ०१-४१०२६०६**
**Email: hydromanakamana@gmail.com, Web:www.hydromanakamana.com.np**

### विशेष साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/११/०५**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको संचालक समितिको मिति २०८२/१०/२९ गते दिउसो ३:३० बजे बसेको बैठकको निर्णय अनुसार निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्ताव उपर छलफल तथा निर्णय गर्न कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार कम्पनीको विशेष साधारण सभा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विशेष साधारण सभा हुने मिति, समय र स्थान:**

मिति : २०८२ फाल्गुन १७ गते आइतबार
समय : विहान ११ बजे
स्थान : क्वालिटी ब्याङ्क्वेट, बुद्धनगर, नयाँ बानेश्वर, काठमाण्डौ

**छलफलका विषयहरु:**

**विशेष प्रस्तावहरु:**

१. कम्पनीको हकप्रद शेयर निष्काशनको पूर्व स्वीकृतीको अनुमोदन सम्बन्धमा ।
२. नियमावालीको नियम २७ को २ मा भएको व्यवस्थालाई संशोधन गर्ने सम्बन्धमा ।
३. सञ्चालक समितिलाई अनुमोदन गर्ने सम्बन्धमा ।
४. यस कम्पनीको हकप्रद शेयर जारी गर्ने कार्य गर्दा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायमा आवश्यक कार्य गर्न साथै प्रबन्धपत्र तथा नियमावलीमा कुनै संसोधन/थपघट/फेरबदल/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोहि सम्बन्धी कार्य गर्नका लागि कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्नको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
५. विविध ।

**विशेष साधारण सभा सम्बन्धी जानकारीहरु:**

१. विशेष साधारणसभा प्रयोजनको लागि २०८२ फाल्गुन ८ गते एक दिनको लागि शेयरधनी दर्ता किताब बन्द रहनेछ र सो भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार ग्लोवल आई. एम. ई. क्यापिटल लिमिटेड, नक्साल काठमाण्डौंमा प्राप्त शेयर नामसारीको लिखितको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन योग्य हुनेछन् ।
२. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभाको दिन सभा शुरु हुनु भन्दा अगावै सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्न अनुरोध छ । हाजिरी पुस्तिका बिहानको १०:०० बजेदेखि दिनको ११:१५ बजे सम्म खुल्ला रहनेछ ।
३. सभामा उपस्थित हुने शेयरधनी महानुभावले सभाकक्ष भित्र प्रवेश गर्नका लागि आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको कुनै प्रमाणपत्र वा हितग्राही खाता विवरण वा शेयर प्रमाण पत्र साथमा लिई आउनु हुन अनुरोध छ ।
४. विशेष साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनी महानुभावहरुले आफ्नो सम्पुर्ण शेयरको एउटै प्रतिनिधि-पत्र (प्रोक्सि फारम) भरी सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कार्यालयमा दर्ता गराईसक्नुपर्ने छ । प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरिएको व्यक्ति समेत यस कार्यालयको शेयरधनी हुन आवश्यक छ । त्यस्तै एक भन्दा बढि व्यक्तिहरुलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याएर दिइएको प्रोक्सी बदर हुनेछ ।
५. कुनै शेयरधनी महानुभावहरुले छलफलको विषय मध्ये विविध शीर्षक अन्तर्गत कम्पनी सम्बन्धि कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ । तर त्यस्तो प्रस्ताव विशेष साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने/नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहित हुनेछ ।
६. कम्पनीको विशेष साधारण सभा सम्बन्धि थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्ट्रर्ड कार्यालय अनामनगर, काठमाण्डौं वा शेयर रजिष्ट्रार ग्लोवल आई.एम.ई. क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौंमा सम्पर्क राख्न अनुरोध गरिन्छ । थप जानकारी कम्पनीको वेवसाइट www.hydromanakamana.com.np बाट प्राप्त गर्न सक्नुहुनेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

### बागमती प्रदेश सरकार
### वन तथा वातावरण मन्त्रालय
### वन निर्देशनालय
### डिभिजन वन कार्यालय ललितपुर
### गोदावरी, नेपाल

### गोलिया काठ/दाउराको बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२।११।०५ गते**

श्री राष्ट्रिय वनस्पति उद्यान गोदावरी न.पा. ३, ललितपुरको परिसरमा रहेका जोखिमयुक्त रुखहरू कटान मुछान गरी उत्पादन भएको उत्तिस समेतको ११७०.५९ क्यु.फि. गोलिया काठ र २ चट्टा दाउरा तथा राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला, गोदावरीको परिसरमा रहेका जोखिमयुक्त रुखहरू कटान मुछान गरी उत्पादन भएको उत्तिस समेतको २६००.५७ क्यू.फि. काठ र ४.२५ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित मितिले २१ दिन भित्रमा बोलपत्र फारम खरिद गरी यसै कार्यालयमा २२ औं दिन दिउसो १:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न सूचित गरिन्छ । बिस्तृत सूचना कार्यालयको वेभसाईट dfolalitpur.gov.np मा राखिएको तथा कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सूचित गरिन्छ ।

### गल्याङ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### गल्याङ, स्याङ्जा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम प्रटक प्रकाशित मिति २०८२/११/०५**

यस कार्यालयबाट आव्हान गरिएको तपसिल बमोजिमको बोलपत्रको लागि सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताको न्युनतम मूल्यांकित सारभुत रूपमा प्रभावग्राही देखिएकोले बोलपत्र स्वीकृतिको लागि मुल्यांकन समितिबाट सिफारिस भए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं | कार्यक्रमको विवरण | सूचना प्रकाशित मिति | ठेक्का नं | बोलपत्रदाताको नामरठेगाना | बोलपत्रदाताको कबोल (मू.अ.कर सहित) |
|---|---|---|---|---|---|
| 1 | Upgrading or Reconstruction of Adhikhola Irrigation Canal (AKWUA) Of Galyang Municipality For F/y 2082-83 | २०८२-०९-२९ | GM/SYA/NCB/WORKS/08/2082-83 | Aama Construction, Mallarani-4, Pyuthan | Rs. ५४,४६,०६२.६८/- |

**प्रमुख प्रशासकीय अधिकृत**

# निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न आयोगको आग्रह



**काठमाडौं (प्रस)**– राष्ट्रिय मानवअधिकार आयोगले निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सुरक्षा निकायलाई आग्रह गरेको छ ।

यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षा व्यवस्थाको तयारी तथा निर्वाचनमा मानवअधिकारको संरक्षण सम्बन्धमा सोमबार नेपाल सरकारका चारवटै सुरक्षा निकायका प्रमुख तथा पदाधिकारीहरूसँग छलफल गर्दै आयोगले यस्तो आग्रह गरेको हो ।

आयोगका सहायक प्रवक्ता श्यामबाबु काफ्लेले सुरक्षा निकायका प्रमुख तथा पदाधिकारीहरूसँग छलफल गरी सुरक्षा व्यवस्था चुस्त बनाउन आग्रह गरिएको बताए । कार्यक्रममा आयोगका सदस्यसचिव, नेपाली सेनाका रथी, नेपाल प्रहरीका महानिरीक्षक, सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखलगायतको उपस्थिति रहेको थियो ।

छलफलपछि आयोगले भनेको छ, 'निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सुरक्षा निकायलाई आवश्यक सञ्चार, सुरक्षा र यातायातलगायत निर्वाचन सुरक्षासम्बन्धी सामग्रीहरूको यथोचित व्यवस्था मिलाउन नेपाल सरकारलाई निर्देशन गरिएको छ ।'

आयोगका अध्यक्ष तपबहादुर मगरले मतदाता, उम्मेदवार, पर्यवेक्षक, अनुगमनकर्ता तथा निर्वाचनमा खटिने सम्पूर्ण कर्मचारीको सुरक्षा व्यवस्था र मानवअधिकार संरक्षणका लागि भएका कार्यहरू सम्बन्धमा जानकारी गराउन आग्रह गरेका थिए ।

सुरक्षा निकायका प्रमुख तथा पदाधिकारीहरूले उनले सुरक्षा निकायलाई आवश्यक पर्ने सहायता सामग्रीको कमीका बाबजुत निर्वाचन सम्पन्न गराउनका लागि उच्च मनोबलका साथ तयारी भइरहेको बताएका थिए ।

# जेन-जी प्रदर्शनका २०० घाइतेको वर्गीकरण

**काठमाडौं (प्रस)**– जेन-जी प्रदर्शनका क्रममा घाइते भएका २०० जनाको वर्गीकरण गरिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले हालसम्म २०० जना घाइतेको वर्गीकरण विवरण प्राप्त भएको बताए ।

कात्तिक र मंसिरमा १८३ जना, पुसमा १६ र माघमा एक जनाको मात्र वर्गीकरण भएको उनले जानकारी दिए । 'जिल्ला प्रशासन कार्यालयले जेन-जी प्रदर्शनका क्रममा घाइते भएको विवरण पठाउनुपर्ने हो, तर कार्यालयले पटक-पटक सूचना जारी गर्दा पनि घाइते सम्पर्कमा आएनन् भनेर जानकारी दियो । त्यसैले वर्गीकरणको संख्या धेरै भएन,' प्रवक्ता बुढाथोकीले भने ।

उनले सम्पर्कमा नआएपछि घाइतेको वर्गीकरण र नयाँ घाइतेको विवरण संकलन गर्ने कार्य निश्चित अवधि तोकेर अगाडि बढाइने जानकारी दिए । जेन-जी प्रदर्शनका क्रममा धेरै जना घाइते भए पनि सामान्य घाइते भएकालाई केही सुविधा उपलब्ध नहुने भएकाले पनि सम्पर्कमा नआएको हुनसक्ने बुढाथोकीको बुझाइ छ ।

उनका अनुसार जेन-जी प्रदर्शनका क्रममा दुई हजार ५९९ जना घाइते रहेको मन्त्रालयको तथ्यांक छ ।

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
**Water Supply and Sewerage Management Office**
Dadeldhura

## Invitation of Bids

**Date of 1st publication: 17-Feb-2026 AD (05-Falgun-2082 BS)**

The Water Supply and Sewerage Management Office, Dadeldhura invites sealed quotations from registered Suppliers for the supply and delivery of Supply and delivery of PE 100 HDPE pipe under Sealed Quotation Bidding Procedures as mentioned below:

| S. N. | Contract Identification No. | Description of Works | Estimated Amount Including VAT | Bid Security Amount, (NRs.) | Bid Document Fee, (NRs.) | Bid Submission Deadline |
|---|---|---|---|---|---|---|
| 1. | SQ/G/01/2082-83/ WSSMO/Dadeldhura | HDPE Pipe Procurement for Ayit WSP, Amargadhi-3, Dadeldhura | 19,23,905.47 | 50,000.00 | 1,000.00 | 04-March-2026 AD (20-11-2082 BS) |
| 2. | SQ/G/02/2082-83/ WSSMO/Dadeldhura | HDPE Pipe Procurement for different WSPs of Doti and Dadeldhura district | 19,51,637.01 | 50,000.00 | | |
| 3. | SQ/G/03/2082-83/ WSSMO/Dadeldhura | HDPE Pipe Procurement for different WSPs of Achham and Bajura district | 16,18,822.66 | 40,000.00 | | |

For further Information Contact at Water Supply and Sewerage Management Office, Dadeldhura. Or visit from PPMO's e-GP portal (www.bopatra.gov.np/egp.)

**Office Chief**

**Phalgunanda Rural Municipality**
**Office of Rural Municipal Executive**
Phaktep, Panchthar
Koshi Province, Nepal

## Invitation For Electronic Bids

**Date of publication: 2082-11-05**

1.The Phalgunanda Rural Municipality office invites only electronic bids from eligible bidder's for the procurement of following project under national competitive bidding procedures specified in public procurement Act and Regulation.

| Contract Identification No | Description of Works | Estimated amount (Nrs.) including VAT and Excluding contingency | Bid security Amount (Nrs.) | Bid document fee.(Nrs.) | Bank Detailed |
|---|---|---|---|---|---|
| PRMW/NCB/ 05/2082/83 | Construction of Siddeshwari school building works. | 70,78,565.35 | 1,77,000.00 | 3000.00 | GA- 1.1 06901400250108 (For the fee of Bid Document) GA- 3.1 06901400250023 (Dharauti Account for Bid S ecurity Amount) |
| PRMW/NCB/ 06/2082/83 | Construction of sartap manoratna school building works. | 70,78,565.35 | 1,77,000.00 | 3000.00 | GA- 1.1 06901400250108 (For the fee of Bid Document) GA- 3.1 06901400250023 (Dharauti Account for Bid Security Amount) |

2.Interested bidders should be submit online bids electronically only through PPMO e-GP Portal www.bolpatra.gov.np on or before the submission deadline started in respective bid document.

**Chief Administrative Officer**


## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**1. DOCUMENTATION - 2 (Female)**

नोटः +2 Passed, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा कम्तिमा २ वर्ष अनुभवी, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

★ तलब: ३५,000/-

★ आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।

श्रम ईजाजत नं. ३७३७११/०८२/०८३

**Globe Asia Air International Overseas Pvt. Ltd**
Gausala-9, Tilgangamarga, Kathmandu, Nepal, Mobile No. 9828880985
E-mail: info@globeasiaoverseas.com.np

## युएइमा रोजगार

कम्पनी : INK GREEN GENERAL CONTRACTING SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृति मिति : २०८२/११/04 | LT. No. 339001 | चलानी नं. ६०२५२५१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith | 25 | 0 | 1500 | ५९,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 20 | 0 | 1500 | ५९,१६५ | | | | | | | |
| 3. | Electrician | 5 | 0 | 1500 | ५९,१६५ | | | | | | | |
| 4. | Plumber | 20 | 0 | 1500 | ५९,१६५ | | | | | | | |
| 5. | Scaffolder | 15 | 0 | 1500 | ५९,१६५ | | | | | | | |
| 6. | Stone / Brick Assistant | 15 | 0 | 1200 | ४७,३३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १२ गते (24th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**STUPA OVERSEAS SERVICES PVT. LTD.**
New Baneshwor-34, Kathmandu, Nepal. Tel: 01- 4784389, 4783086
E-mail: stupapltd@gmail.com.np, URL: www.stupagroup.cpm.np
श्रम ईजाजत नं. ७०२/०६३/०६४

## जापानमा रोजगार

कम्पनी : COOPERATIVE MIRAI

पूर्व स्वीकृति मिति : २०८२/११/04 | LT. No. 338580 | चलानी नं. ६०२५२५८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 3 | 0 | 167938 | १५८८०० | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १२ गते (24th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५0,000/- | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD**
1610/079/80
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np

## कतारमा रोजगार

कम्पनी : GOOD HIRING CONTRACTING AND CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/११/04 | LT. No. 339021 | चलानी नं. ६०२५२५५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assit. Mason | 4 | 0 | 1000 | ३९,७६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 4 | 0 | 1000 | ३९,७६५ | | | | | | | |
| 3 | Mason (Nepal) | 7 | 0 | 1200 | ४७,७२० | | | | | | | |

कम्पनी : FUTURE DEAL TRADING

पूर्व स्वीकृति मिति : २०८२/११/04 | LT. No. 339022 | चलानी नं. ६०२५२५५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assint Tailors | 0 | 1 | 1500 | ५९,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaners (Male) | 1 | 0 | 1000 | ३९,७६५ | | | | | | | |
| 3 | Helper | 2 | 0 | 1000 | ३९,७६५ | | | | | | | |
| 4 | Labour | 5 | 0 | 1000 | ३९,७६५ | | | | | | | |
| 5 | Machine Operators | 1 | 0 | 2500 | ९९,४१५ | | | | | | | |
| 6 | Sales Persons | 0 | 3 | 1500 | ५९,६५० | | | | | | | |
| 7 | Salesman | 3 | 0 | 1500 | ५९,६५० | | | | | | | |
| 8 | Salesperson (Male) | 2 | 0 | 1500 | ५९,६५० | | | | | | | |
| 9 | Supervisor | 1 | 0 | 2500 | ९९,४१५ | | | | | | | |
| 10 | Tailors (Female) | 0 | 1 | 1800 | ७१,५८० | | | | | | | |
| 11 | Worker | 6 | 4 | 1000 | ३९,७६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १२ गते (24th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ABC PLACEMENTS PVT. LTD**
LIC 537/061/62
Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4582340,
Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com


## ऋण चुक्ता तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ दिने गोप्य शिलबन्दि बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/११/०५**

यस संस्थाको तपसिलमा उल्लेखित तपाईको ऋण भाखा भित्र नतिरी संस्थाबाट पटक-पटक भएको मौखिक एवम् लिखित तर-ताकेता गर्दा पनि ऋण भुक्तानीको लागि पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा ऋण तिर्न बुझाउनका लागि यो ३५ दिने धितो लिलाम सम्बन्धमा सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र संस्थामा तिर्न बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण लिँदाको बखत संस्थामा गरेको ऋण तमसुक सर्त कबुलियतनामा बमोजिम तपाईले संस्थाको नाममा लेखाएर दिएको (दृष्टिबन्धक रोक्का) धितो लिलामीको प्रक्रिया अपनाएर धितो लिलामी गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गरिन्छ । साथै संस्थाको साँवा, व्याज र हर्जना असुलीको सिलसिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा आएका अन्य खर्च समेत तपाईबाट लेना रकम सरह असुल उपर गर्ने व्यहोरा पनि जानकारी गराउदछौ । सो प्रक्रियाबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धनजमानत दिनेको घर-घराना, चल-अचल सम्पत्तिबाट प्रचलित कानुन-बमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा धन जमानीलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

| क्र.सं. | ऋणीको तीनपुस्ते विवरण | जमानत दिनेको विवरण | धितोको बिवरण |
|---|---|---|---|
| १ | **नाम : मुना कार्की**<br>बुबा : डोल बहादुर कार्की<br>बाजे : दण्ड बहादुर कार्की<br>ठेगाना : कल्लेरी-०२, धादिङ | **नाम : मैया कार्की**<br>श्रीमान : डोल बहादुर कार्की<br>स-बाजे : दण्ड बहादुर कार्की<br>ठेगाना : कल्लेरी-०२, धादिङ्ग | कल्लेरी-२, धादिङ<br>वडा नं २ क<br>कि.न. १९७<br>क्षेत्रफल : १-४-०-० |

**लिलामी तालिका**
**मिति** : २०८२ चैत्र ०९ गते सोमबार
**स्थान** : संस्थाको कार्यालय
**समय** : बिहान ११:०० बजे दिउसो ३:०० बजे सम्म
**प्रतिनिधि उपस्थित हुने समय** : दिउसो ३:०० बजे

**धितो लिलामीका शर्तहरू:**
१. धितो लिलाम संस्थाले प्रकाशित गरेको ३५ दिने सार्वजनिक सूचना बमोजिम तोकिएको दिन हुनेछ । उक्त दिन सार्वजनिक विदा परेमा बिदा परेको दोस्रो दिन गरिनेछ ।
२. लिलाम बिक्री सकार गर्ने व्यक्तिले आफुले लिलाम सकार गर्ने रकमको १०% (दश) प्रतिशत रकम संस्थामा धरौटी स्वरूप अनिवार्य रूपमा दाखिला गर्न पर्नेछ । दाखिला नगरेमा लिलाम सकार गरेको मानिने छैन ।
३. सर्त नं.२ बमोजिम दाखिला गरेको (दश) प्रतिशत रकम बाहेक बाँकी हुन आउने रकम लिलाम सकार भएको मितिले सात दिन भित्र संस्थाको बैंक खातामा दाखिला गरेको प्रमाण पेश गर्नु पर्नेछ तर उल्लेखित सात दिन भित्रमा बाँकी रकम दाखिला नगरेका सर्त नं.२ बमोजिम धरौटी बापत जम्मा गरेको रकम जफत भई लिलाम बिक्री सकार गरेका सम्पत्ति दा.खा. नामसारी गरिने छैन ।
४. लिलाम बिक्री सकार भएको सम्पत्ति सम्बन्धित मालपोत कार्यालयबाट दा.खा. नामसारी गर्न लाग्ने सम्पूर्ण खर्च तथा दस्तुर लिलाम सकार गर्ने व्यक्ति, संघ संस्थाले तिर्नु व्यहोर्नु पर्नेछ ।
५. कुनै विशेष कारणले तथा ऋणीले रकम चुक्ता गरेमा लिलाम स्थगित गर्ने अधिकार संस्थामा निहित हुनेछ ।
६. लिलाम बिक्रीको बारेमा विस्तृत जानकारी संस्थाबाट प्राप्त गर्न सकिनेछ ।

**वचन बचत तथा ऋण सहकारी संस्था लि.**
डिल्लीबजार, काठमाडौं, फोन: ०१-४४३५७७९, ०१-४४३४३२०
Email: savingbachan@gmail.com, Web: www.bachansaving.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## निर्वाचनलाई निष्पक्ष बनाउने जिम्मेवारी

**निर्वाचन आयोगले निर्वाचन आचारसंहिता लागू गरे पनि त्यसको पालनामा सरोकारवालाहरूले बेवास्ता गरिरहेका छन् । आयोगले अनुगमन गर्दै उल्लंघन गर्नेमाथि स्पष्टीकरण सोध्ने काम गरिरहेको छ । तर, दल र उम्मेदवारहरू जिम्मेवार बनेका छैनन् । सोमबारदेखि आयोगले निर्वाचन प्रचारप्रसारका लागि खुला गरेको छ । यससँगै दल र उम्मेदवारहरूले आमसभादेखि विभिन्न माध्यमबाट चुनावी प्रचार सुरु गरेका छन् । यसरी प्रचार अभियान खुला हुँदा आचारसंहिता उल्लंघनका घटना थप बढ्नसक्छ ।**

**आयोगले यसैलाई मध्यनजर गर्दै ६४ बुँदे निर्देशन जारी गरेको छ । आयोगले राजनीतिक दल र दलका प्रतिनिधिका नाममा आइतबार जारी गरेको निर्देशनमा कसैको घरको आसपासमा गई निज वा निजको परिवारको सदस्यको सम्बन्धमा विरोध वा प्रदर्शन गर्न नहुने, जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्दा सभ्य र अनुशासित तरिकाले गर्नुपर्ने र कसैको घरको आसपासमा गई निजको परिवारको सदस्यको सम्बन्धमा विरोध वा प्रदर्शन गर्न नहुनेलगायत उल्लेख छ ।**

**स्थानीय प्रशासनको अनुमति लिएरमात्र सार्वजनिकस्थलमा सभा, जुलुस गर्न आयोगले आग्रह गरेको छ । यसैगरी विभिन्न क्लब, सामाजिक संस्था, धार्मिक संस्था, आमा समूह, गैरसरकारी संस्था, आश्रमजस्ता संस्थालाई नगद वा जिन्सी वितरण गर्न, अनुदान वा आर्थिक सहायता, चन्दा, पुरस्कार दिन वा दिने घोषणा गर्न नहुने, प्रचारमा बालबालिकाको प्रयोग नगर्न वा नगराउन आयोगले निर्देशन दिएको छ । यसैगरी निर्वाचनमा कुनै पनि धर्मको नाममा र कुनै साम्प्रदायिक विद्वेष फैलाउनेगरी प्रचारप्रसार नगर्न वा मत नमाग्न भनेको छ । निर्वाचन अधिकृतको अनुमति लिई उम्मेदवार भएको सम्बन्धित निर्वाचन क्षेत्र वा उम्मेदवार भएको स्थानमा बढीमा दुईवटा दुई पांग्रे वा तीन पांग्रे वा चार पांग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारीसाधन र त्यस्ता सवारीसाधन नचल्ने ठाउँमा बढीमा चारवटा घोडा प्रयोगबाहेक अन्य सवारीसाधन र घोडा प्रयोग नगर्न निर्देशन दिएको छ ।**

**आयोगले जारी गरेको निर्देशनका यी बुँदाहरू कार्यान्वयन हुने हो भने पक्कै पनि निर्वाचन निष्पक्ष हुने छ । तर, दल र उम्मेदवारहरूले यसको पालना गर्नेमा आशंका छ । मतदातालाई प्रलोभनमा पार्न जुनसुकै हर्कत गर्ने प्रवृत्ति विगतका निर्वाचनहरूमा देखिएकै हो । त्यो प्रवृत्ति यो पटक नदोहोरियोस् । आयोगले निर्देशन जारी गरेर मात्र हुँदैन, यसको अनुगमनलाई प्रभावकारी बनाउनुपर्छ र उल्लंघन गरिएको भेटिए तत्काल कारबाही चलाउनुपर्छ । यसतर्फ आयोगको ध्यान जाओस् । साथै, उम्मेदवार र राजनीतिक दलहरूले पनि जिम्मेवार बनेर निर्देशन कार्यान्वयन गर्नुको विकल्प छैन । किनकि, निर्वाचनलाई निष्पक्ष बनाउने जिम्मेवारी सबैको हो ।**

# बौद्धिक सम्पत्तिको अधिकार कार्यान्वयनको अवस्था



❑ गम्भीरबहादुर हाडा

कुनै पनि व्यक्ति वा व्यापारिक संस्थाले आफ्नो बौद्धिक क्षमता, श्रम, सीप र लगानीबाट गरेको नयाँ कुराको आविष्कारलाई 'बौद्धिक सम्पत्ति' मानिन्छ । त्यस्तो व्यक्ति वा व्यापारिक संस्थाले आफ्नो लगानीको प्रतिफलस्वरूप त्यो आविष्कारमा एकाधिकार कायम गर्ने वा त्यसको गैरकानुनी प्रयोगलाई रोक्ने उद्देश्यले राज्यको सम्बन्धित निकायसमक्ष आवश्यक कानुनी प्रक्रियामार्फत सुरक्षित राख्नुलाई नै सामान्यतया बौद्धिक सम्पत्तिमाथिको अधिकार मानिन्छ ।

बौद्धिक सम्पत्तिअन्तर्गत व्यापारिक चिह्न, प्रतिलिपि अधिकार, इन्टिग्रेटेड सर्किटस्, वनस्पति उत्पादको अधिकार, व्यापारिक गोपनीयता, औद्योगिक नमूना, भौगोलिक सूचक र उपयोगिता मोडलहरूजस्ता विभिन्न अधिकारहरू पर्ने भए पनि पेटेण्टलाई वर्तमान विश्वको आर्थिक गतिविधिमा सर्वाधिक प्रचलित बौद्धिक सम्पत्तिको अधिकारको रूपमा मानिन्छ । बौद्धिक सम्पत्तिसम्बन्धी अधिकारलाई पर्याप्त र प्रभावकारी सुरक्षा प्रदान गरी अन्तर्राष्ट्रिय व्यापारका विकृति र अवरोधलाई कम गर्ने उद्देश्यले व्यापारसँग सम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौता 'ट्रिप्स' ल्याइएको कुरा यो सम्झौताको प्रस्तावनामा उल्लेख छ ।

बौद्धिक सम्पत्ति अधिकारको इतिहासलाई हेर्ने हो भने सन् १८८३ देखि नै यससम्बन्धी अवधारणाको प्रादूर्भाव भएको देखिन्छ । २० मार्च १८८३ मा अमेरिका र केही युरोपेली राष्ट्रहरूबीच औद्योगिक सम्पत्ति अधिकारसम्बन्धी 'पेरिस महासन्धि' सम्पन्न भएको थियो । उक्त सन्धिमा पेटेन्टसम्बन्धी अधिकारको मात्र उल्लेख गरिएकोले ९ सेप्टेम्बर १८८६ मा कलात्मक तथा साहित्यिक कार्य संरक्षणसँग सम्बन्धित 'वर्न महासन्धि' अनुमोदन गरियो । यसपछि बौद्धिक सम्पत्ति अधिकारसँग सम्बन्धित विभिन्न सन्धि तथा महासन्धिहरू सम्पन्न भए । यी सबै सन्धि तथा महासन्धिहरूलाई संगठित गरी कार्यान्वयन गर्नका लागि एउटा विशिष्टीकृत संस्थाको खाँचो महसुस गरी सन् १९६७ मा संयुक्त राष्ट्रसंघले विश्व बौद्धिक सम्पत्ति संगठन (वाइपो) को स्थापना गर्‍यो ।

बौद्धिक सम्पत्ति अधिकारले व्यापारसँग प्रत्यक्ष सम्बन्ध राख्ने भएकोले बौद्धिक सम्पत्ति अधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय सम्झौताहरूमा उल्लेखित विषयहरूलाई समेटेर एउटा छुट्टै दस्तावेज तयार गरियो, जसलाई ट्रिप्स भनिन्छ । ट्रिप्सलाई 'ग्याट वार्ता'को अन्तिम चरण (उरुग्वे चरण, १९८६-१९९४) मा डब्ल्युटिओ सम्झौताअन्तर्गत समावेश गरियो । डबल्युटिओ सम्झौताअन्तर्गत सन् १९९५ पछि जे जति विषयहरू समावेश गरिए, तीमध्ये ट्रिप्सलाई सबैभन्दा विवादास्पद सम्झौताको रूपमा लिने गरेको पाइन्छ । बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरू तथा विशिष्टीकृत संस्था मौजुद हुँदाहुँदै पनि ट्रिप्सलाई उरुग्वे चरणको 'ग्याट वार्ता' मा समावेश गराइएकोले यससम्बन्धी व्यापक विवाद हुनु स्वाभाविक नै थियो । यद्यपि, विभिन्न सदस्य राष्ट्रहरूको विरोधका बाबजुद ट्रिप्सले डब्ल्युटिओ सम्झौतामा प्रवेश पायो र सबै सदस्य राष्ट्रहरूका लागि यो बन्धनकारी पनि हुन पुग्यो ।

बौद्धिक सम्पत्ति अधिकारलाई विश्वका प्रमुख व्यापारिक राष्ट्रहरूद्वारा बढी महत्त्वको विषय बनाई डब्ल्युटिओ सम्झौताअन्तर्गत समावेश गरी संरक्षण प्रदान गरिनुको पछाडि बेग्लै अर्थ छ । विश्वका मुख्य व्यापारिक राष्ट्रहरूले विशुद्ध ज्ञान तथा प्रविधिमा आधारित उद्योगहरू जस्तैः कम्प्युटर, सफ्ट्वेयर, औषधि एवं रासायनिक पदार्थ, वैज्ञानिक उपकरण आदिको विकास गरी प्रशस्त मुनाफा कमाइरहेको परिप्रेक्ष्यमा आफ्ना उत्पादनहरूको प्रविधि अरुले नक्कल गरी बिक्री गर्न सक्ने सम्भावना प्रशस्त थियो । ट्रिप्समा जीवनको प्रकारमासमेत पेटेन्ट अधिकार प्रदान गर्ने प्रावधान उल्लेख छ । जसले गर्दा विकासोन्मुख तथा अल्पविकसित राष्ट्रहरूलाई आफ्नो जैविक विविधताको संरक्षण गर्नसमेत कठिनाइ उत्पन्न हुन सक्ने छ । २३ अप्रिल २००४ देखि नेपाल डब्ल्युटिओको विधिवत्‌रूपमा सदस्य भइसकेको छ । डब्ल्युटिओ नियममा आधारित व्यापार प्रणाली भएकोले यसका नियमहरू सबै सदस्य राष्ट्रहरूलाई समानरूपमा बन्धनकारी हुन्छन् । ट्रिप्स पनि डब्ल्युटिओ सम्झौताअन्तर्गतकै एउटा भाग भएकोले ट्रिप्सको पालना गर्नु नेपालको दायित्व हुन आउँछ ।

बौद्धिक सम्पत्ति भन्नाले मान्छेबाट भएका मानसिक सिर्जना भन्ने बुझिन्छ । यस्ता सिर्जनाहरूमा आविष्कार, साहित्यिक एवं कलाकौशलसम्बन्धी कार्य उद्योग व्यापारको क्षेत्रमा उपयोग गरिने चिह्न, नाम र आकृतिजस्ता कुराहरू पर्दछन् । बौद्धिक सम्पत्तिलाई औद्योगिक सम्पत्ति र प्रतिलिपि अधिकार तथा सरोकारी अधिकार गरी दुई समूहमा व्यक्त गर्न सकिन्छ । हाल बौद्धिक सम्पत्तिमा अन्य कतिपय नयाँ क्षेत्रहरू पनि देखापर्न थालेका छन् । औद्योगिक सम्पत्तिअन्तर्गत आविष्कार, औद्योगिक डिजाइन, इण्टिग्रेटेड सर्किट, उपयोगी नमूना, व्यापार चिह्न, भौगोलिक उत्पत्तिका चिह्न र गोपनीय सूचना पर्दछन् ।

प्रतिलिपि अधिकारअन्तर्गत उपन्यास, कविता, नाटक आदिजस्ता साहित्यिक कार्यहरू सिनेमा, संगीत तथा वाद्यवादन, खाका चित्रण, ललितकला, फोटोग्राफी, कालीगढी र निर्माण डिजाइनजस्ता कलाकृतिहहरू पर्दछन् । प्रतिलिपि अधिकारसँग सम्बन्ध राख्ने सरोकारी अधिकारअन्तर्गत नृत्य प्रदर्शन, नाटच प्रदर्शन, ध्वनी अंकनलगायत रेडियो तथा टिभीबाट गरिने प्रसारण कार्यजस्ता विषयहरू पर्दछन् । हाल आएर जनसंस्कृति, इ-कमर्स, परम्परागत ज्ञान जैविक विविधता तथा जेनेटिकल साधनजस्ता नयाँ विधाहरू पनि बौद्धिक सम्पत्तिअन्तर्गत समेटिन पुगेका छन् ।

औद्योगिक डिजाइन वस्तुको रूप वा आकृति पक्षसँग सम्बन्धित छ । उत्पादित वस्तुको बाहय आकर्षणलाई औद्योगिक डिजाइन भनिन्छ । औद्योगिक डिजाइन वस्तुको आकार वा सतहको विशेष प्रस्तुतिरेखा, रङ र चित्र संयोजन भएको अथवा बुनिएको वा कुँदिएको द्वैआयामिक पनि हुन्छ र त्रिआयामिक प्रकृतिको पनि हुन सक्छ । औद्योगिक डिजाइन प्रायः सबै प्रकारका औद्योगिक उत्पादनका हकमा लागू हुन्छ, चाहे त्यो घडी होस् वा गरगहनाजस्ता सोख र श्रृंगारका कुराहरू होउन् । यसैगरी घरायसी सरसामान, विद्युतीय उपकरण, सवारीसाधन, लत्ता कपडा, हस्तकलाका सामान आदिमा पनि डिजाइनपक्ष रहेको हुन्छ । डिजाइनमा निहीत बौद्धिक सम्पत्ति अधिकारको संरक्षणका लागि यस्ता डिजाइन आँखालाई मुग्ध पार्ने हुनुपर्दछ । वस्तुमा रहेको प्राविधिक कुरा डिजाइनअन्तर्गत पर्दैन, केवल वस्तुको बाहिरी रूप र आकारको प्रस्तुतिमात्र यसमा पर्दछन् ।

बौद्धिक सम्पत्तिको अधिकार र ट्रिप्स सम्झौताको विकासअन्तर्गत मानिसको बढ्दो आवश्यता पूर्ति गर्नका लागि नयाँ स्रोतहरूको खोजका साथै उपलब्ध स्रोतहरूको उपयोगिता र निपुणता बढाउन तिनमा रूपान्तर गर्ने नयाँ सोचको आवश्यकता रहन्छ । कुनै वैज्ञानिक अनुसन्धान गर्न धेरै स्रोतसाधन र समय अनि लगनको आवश्यकता हुन्छ । यसरी गरिएको अनुसन्धान वा आविष्कारका लागि प्रोत्साहनस्वरूप कुनै व्यवस्था भएन भने आविष्कार गर्न उठाइएको जोखिम र मिहेनतको महत्त्व रहन जाँदैन ।

हरेक आविष्कारकले आफ्नो आविष्कारलाई आफ्नो मिहेनत र लगानीको फलको रूपमा हेरेको हुन्छ र त्यसउपर कम्तीमा निश्चित अवधिका लागि एकाधिकार कायम गर्न खोजेको हुन्छ । यदि कुनै आविष्कार व्यापारिक दृष्टिले उपयोगी छ भने त्यसको आविष्कारकलाई सोबापत स्वत्व (पेटेन्ट) प्रदान गरिन्छ । हिजोआज यो व्यापक प्रयोग भएको छ । बौद्धिक सम्पत्ति भनेको सिर्जनात्मक कुराहरू हुन् । स्वत्वको अतिरिक्त व्यापारिक चिह्न (ट्रेड मार्क), व्यापारिक गोपनीयता, प्रतिलिपि अधिकार, औद्योगिक डिजाइन, भौगोलिक सूचक आदिलाई समेत बौद्धिक सम्पत्तिका रूपमा लिइन्छ ।

नेपालमा प्रतिलिपि अधिकार नियमावली, २०४६ पनि ल्याइयो र प्रतिलिपि अधिकार ऐन २०५९ पनि ल्याइयो । बौद्धिक सम्पत्तिको रक्षा गर्ने सम्बन्धमा आइपरेका बाधा तथा समस्याहरूलाई हटाउने उपाय तथा विधिहरू प्रतिलिपि अधिकारसम्बन्धी समस्यामा कानुनी समस्या रहेको छ । जस्तैः समयानुकुल कानुन संशोधन नहुनु । (ऐनमा फिल्मका कन्सेप्ट र अन्य विषय) नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारलाई अर्धन्यायिक अधिकार नदिइनु । संगठनात्मक समस्या अन्तर्गतः स्वतन्त्र निकायको रूपमा आइपी अफिस स्थापना हुन नसक्नु । आइपीलाई एउटै छानामुनि नसमेटिनु ।

नेपालमा बौद्धिक सम्पत्तिसम्बन्धी पेटेण्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२ ले प्रदान गर्ने अधिकारहरूको उल्लंघनमा प्राप्त हुने उपचार तथा सोको कार्यान्वयनपक्ष ज्यादै फितलो छ । जिओग्राफिकल इण्डिकेसन/कलेक्टिभ मार्क्स्को दर्तासम्बन्धी व्यवस्था ऐनमा नहुनु, पेटेण्ट, डिजाइन र ट्रेडमार्कसँग सम्बन्धित उजुरी तथा मुद्दाहरूको कार्यविधि बन्न नसक्नु, बौद्धिक सम्पत्तिको क्षेत्रमा काम गर्ने जनशक्ति न्यून हुनु एवं भएको जनशक्तिमा पनि विशेषज्ञताको अभाव हुनु, कर्मचारीहरूको निरन्तर सरुवा, संस्थागत व्यवस्था कमजोर, संरक्षण गर्ने छाता संगठनको अभाव, अवैज्ञानिक सूचना प्रणाली र अभिलेख प्रणाली तथा सार्वजनिक सचेतनामा कमी जस्ता समस्या नेपालमा रहेका छन् ।

बौद्धिक सम्पत्तिहरूको दर्ता गर्ने, छानविन गर्ने परीक्षण गर्ने कार्य जटिल एवं प्राविधिक काम हो । यसका लागि यससम्बन्धी पर्याप्त सूचना, तथ्यांक र जानकारीहरूको संकलन र प्रयोग हुनु पर्दछ । साथै, अनुभवी र तालिमप्राप्त जनशक्ति पनि त्यति नै आवश्यक कुरा हो । यसैगरी अन्तर्राष्ट्रिय जगतमा औद्योगिक समपत्तिसम्बन्धी कम्प्युटर प्रविधिको निकै विकास भइसकेको छ । यी प्रविधिको प्रयोगविना यो क्षेत्रको कार्य गर्नु ज्यादै कठिन छ । यी कुराहरूसहित समग्र बौद्धिक सम्पत्तिको प्रशासन सञ्चालन गर्ने दक्ष जनशक्ति, उपयुक्त साधन स्रोत र प्रविधि, समयानुकूलको ऐन नियम आदिले सम्पन्न एक छुट्टै प्रशासकीय संगठन संरचनाको व्यवस्था गर्न जरुरी देखिन्छ ।

बौद्धिक सम्पत्तिसम्बन्धी राष्ट्रिय नीति तर्जुमा गर्न आवश्यक देखिन्छ । यस्तो नीतिले विभिन्न क्षेत्र र बौद्धिक सम्पत्ति व्यवस्थाको सम्बन्धलाई परिभाषित गर्दै सहयोग र समन्वयको विस्तार गर्दछ । परम्परागत ज्ञान, सीप, कला तथा जैविक स्रोतको संरक्षण, अनुसन्धान र विकास र व्यावसायिक उपयोग गरी लाभ लिने र दिने वातावरण बन्नुपर्छ । पेटेण्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२ लाई औद्योगिक नीति २०६७ सँग तादाम्यता गराई परिमार्जन गर्नुपर्ने र ऐन कार्यान्वयनका लागि नियमावलीको व्यवस्था गर्नुपर्छ । नियमावलीअनुरूपको सुस्पष्ट कार्यविधि तयार गर्नुका साथै जनशक्तिको क्षमता अभिवृद्धि गर्नुपर्छ । यसको साथसाथै अभिलेख र सूचना प्रणालीलाई वैज्ञानिक बनाउनु पनि त्यत्तिकै आवश्यकता रहन आएको छ ।

**श्रम सरोकार**

## विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरू

- वैदेशिक रोजगारीवाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ । आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ । आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ । यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

### वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमाः

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने ।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालन लगायत) मा लगानी गरी आय आर्जन बढाउने ।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने ।
- सिलाइ, बुटिक, पार्लर, पोतेका सामग्री बनाउने, खेलौना बनाउनेजस्ता काम पनि गर्न सकिन्छ ।






बैकुण्ठ भण्डारी

# परेड खेल्दै हरित सेना !

रविबार मध्याह्नमा टन्टलापुर घाम चर्किएर टुँडिखेलको भूइँबाट धूलो उड्दै थियो । शिवरात्रीको रौनकमा शिवबुटी खाएर धुँवा उडाउनेहरू पनि उत्ति नै थिए । टुँडिखेलका वरिपरिबाट भूइँमान्छेहरू फलामे बारबाट चियाइरहेका थिए । किनकि, भूइँमान्छेका लागि टुँडिखेल आफ्नो थिएन । टुँडिखेलको बीच मैदानमा धूलो उडाउँदै खैरा आँखा भएका हरितकाले सेना डम्फु ढ्यांग्रो बजाउँदै स्याँऽस्याँ गर्दै थिए । त्यही भएर पनि भूइँमान्छेहरूलाई अचम्म लागेर आफ्नो आँखा त्यही डम्फु बजाउनेहरूतिर चियोचर्चो गरिरहेका थिए ।

भूइँमान्छेहरूलाई फलामे बारबाट हटाउन नीला बर्दीधारीहरू कटवाँस लिएर कहिले यता कहिले उता गरिरहन्थे । नीला बर्दीधारीहरू देख्नासाथ फेरि भूइँमान्छेहरू गुटुङऽटुङ भाग्थे अनि फेरि आएर चियाउँथे । 'नेपाली मान, अम्रिकन सान'ले हरितकाले सेनाहरू डम्फु र ढ्यांग्रो फुट्लाजस्तै गरी उफ्री-उफ्री ताल दिइरहेका थिए ।

नेपाली भूइँमान्छेहरूलाई केही असहज भएछ कि क्या हो ! मोबाइलबाट तस्बिर खिचिरहेका थिए । फलामको बारबाट टाउको घुसाउँदै भित्र डम्फु र ढ्यांग्रो बजाउँदै उफ्रिरहेको हेर्दै कौशलेन्द्रसँगैको साथीलाई भन्दै थियो, 'देखिस् अम्रिकन सेनाले टुँडिखेलमा परेड खेल्छ भन्थे नि ! आयो कि आएन ? खेल्यो कि खेलेन ?'

कौशलेन्द्रको कुरा सुनेर हेर्दै नहेरी साथीले जवाफ दियो । 'परेड खेलेर के भयो त ? परेड खेल्न लगाउनेहरू ऊऽमाथि बसेर ताली ठोकिरहेका छन् !' ऊ बेला त्यसै भनेको हो र ? 'सुझ न बुझ टुँडिखेलका कुद' । अहिले अम्रिकाबाट एमसिसी ल्याएपछि परेड खेलेर मनोरञ्जन गर्नु परेन त ? अस्ति भदौतिर 'बन्दुक बन्दुक' खेल खेलेका थिए । अहिले परेड खेले ! के भयो र ? हामी यसैगरी बाहिर बस्ने, ताली ठोक्ने । साथीको कुराले कौशलेन्द्रलाई कता-कता भित्रै छोएको जस्तो भएछ क्यार ! रविबारको दिन । त्यसमाथि पनि शिवताण्डव नृत्य गर्दै टुँडिखेलमा परेड खेल्नु भनेको त आकाश गड्गडाउनुजस्तै हो नि ।

कौशलेन्द्रले आकाश गड्गडाउनु भन्दै गर्दा टुँडिखेलमा परेड खेलेको धूलोले नै होला । आकाशसमेत धुम्म परेको थियो । हुन त आकाशलाई पनि त्यही धुलोको कणले डर लागेको हुनुपर्दछ । स्वर्णिम युग बनाउँछु भन्दै चारडाँडा काटेर आकाशमा बादल मडारिएको थियो । साथीले सोध्यो, 'साँच्चै, अम्रिकन सेनाले टुँडिखेलमा परेड खेलेको दिन चारपाटा मुडेर डाँडा कटाउनु भन्ने बाख्रा कता भ्याऽभ्याऽ गर्दै छ ?' उसले कौशलेन्द्रलाई सोध्यो ।

साथीको प्रश्नले कौशलेन्द्र नीलो कालो भयो । नहोस् पनि किन ? ऊ पनि आकाशजस्तै गरी नीलो क्रान्तिमा तर मार्न हिँडिसकेको थियो । अलि पहिलेसम्म फाटेको दूधबाट तर फाल्नुपर्छ भन्ने कौशलेन्द्र अहिले त्यही शिवताण्डवमा घण्टाको रालो समाएर ट्वाङऽ ट्वाङऽ पार्दै वल्लो गाउँ र पल्लो गाउँ गर्दै थियो । नीलो क्रान्तिका नाममा भ्रान्ति फैलाउँदै घण्टा बजाउँदै रालो फुस्किएको पत्तै नपाउने कौशलेन्द्र हरितकाले सेनाको परेडमा किन अचम्म पर्‍यो र ! उनै हरितकालेहरूले बनाएको घण्टाको रालोमा झुण्डिएरै दौडिरहेको थियो ।

न ताल, न सुर । एकातिर टुँडिखेलमा डम्फु ढ्यांग्रो बज्दै थियो, अर्कोतिर घण्टाको रालो तर्संदै थियो । जेन-जी विद्रोहले मुलुकलाई स्वर्णिम युगमा रूपान्तरण गर्नुपर्ने भाका सर्दै थियो ! स्वर्णिम युगका ती भाकाहरू फेरिँदै थिए । अम्रिकन हरितकाले सेना परेडमा रमाइसकेको थियो । उनैले चौरासी पूजालाई बयासीमा सारे भनेर टण्टलापुर घामले थेग्न नसकेपछि रुखको चौतारीमा बसेकाहरूले कुरा काटिरहेका थिए ।

त्यही चौतारामा बसेर विद्धान तक्लु काका भन्दै थिए । 'त्यो आकाशेलाई डाँडा कटाउनुपर्दछ ।' तक्लु काकाको कुरा काट्दै किरण भान्दाइ भन्दै थिए- कटाउनु नै पर्दैन आफैं चार डाँडा काटेर तराईको रापमा ताप खोजिरहेका छन् । विचरा आफ्नै चौतारोले पनि शितल दिन नसक्ने भएपछि के गर्नु ? जन्मे हुर्केको ठाउँ भनेर हुँदो रहेनछ । आफ्नै आँगनमा बसेर छिमेकीलाई घरमा डढेलो लगाउन उक्साएपछि खोल्साको पानीले डढेलो कसरी निभाउन सकिन्थ्यो र ?

टुँडिखेलमा परेड भन्दै ताण्डव गर्ने अनि त्यही परेड हेरेर ताली बजाउनेहरू नै हरितकालेका मुख्य नाइके हुन् । फलामको बारमा टाउको चियाएर परेड हेर्नेलाई के थाहा ? उसैको टाउकोमा परेड बजारिन सक्छ भनेर ! फलामको बारमा बसेर चियाउनेहरू उही चौरासीको पूजा बयासीमा गर्ने सुरसार गर्नेकै लयमा रमाइरहेका छन् ।

विचरा गरुन् पनि के ? न बोल्ने ठाउँ छ, न सुनिदिने नै कोही छ ? त्यही भएर पनि होला चौरासीको पूजा बयासीमा गर्नु हुन्न भन्दै उत्तरतिरका पाञ्चायन मन्दिरका पुजारी र दक्षिणतिरका साधकहरू बालुवाटार, कौशलटार र खुमलटारतिर यज्ञ गर्दै छन् ।

साधक पुजारीहरू यज्ञ गर्न होमिन थालेपछि जजमानहरूको के लाग्छ र ? जसै जसै बाहुन उसै उसै स्वाहा ! न प्रसादको तयारी न त पूजा सामग्रीकै । गाई दानका नाममा सिक्का चढाएजस्तै । गाई त भए पो ! नीलो क्रान्ति भन्दै रविको बारमा छिरेर शिवबुटी तान्दै सोमरस खानेहरू गाई काट्नुपर्छ भन्दै हिँडेपछि सिक्का नचढाएर कहाँ खोज्न जानु त विचरा जजमान । त्यसै टुँडिखेलमा परेड खेल्न आको हो र गाईखानेहरू !

'शक्तिको उपासनाका लागि मान्छेको मासुसमेत लुछ्न नछाड्नेहरूले परेड देखाउनु त कुन ठूलो कुरा भयो र ? मध्यरातमा सुतिरहेको दम्पतीलाई अपहरण गरेर लैजाने आधुनिक सामन्तहरूले मन्दिर त भत्काउने प्रयास गर्लान् नै । हिमालको माटो खोतल्ने प्रयास पनि गर्ला । पहाडको जडीबुटी उखेल्न सक्छन्, अनि तराईको उर्वरभूमिलाई मरुभूमि बनाउने कूचेष्टा पनि गर्न सक्छन् ।

'भाइ फुटे, गँवार लुटे' पुर्खाले त्यसै कहाँ भनेका हुन् र ? पुर्खाले आर्जेको धर्तीलाई पुस्तालाई दिन नसक्नेगरी हरितकालेहरूलाई परेड खेल्न दिनेहरूसँग के गुनासो गर्नु छ र ! इतिहास जलाउनेहरूले के नै नयाँ भाका कोर्न सक्छन् र ? ऋषिमुनिहरूको तपोभूमि उनै भगवान् पशुपतिनाथले रक्षा गरुन् ! जय शम्भो !!

# सदरमुकामदेखि १०० किलोमिटर टाढा छन् मतदान केन्द्र



**मुस्ताङ–** आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि यहाँ कायम भएका कतिपय मतदानस्थल तथा केन्द्रहरू सदरमुकाम जोमसोमदेखि १०० किलोमिटरभन्दा बढी टाढा दूरीमा छन् । नेपाल-चीन उत्तरी कोरलानाकास्थित माथिल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकामा कायम गरिएका मतदानस्थलहरू १०० किलोमिटरभन्दा बढी दूरीमा रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

लोमान्थाङ गाउँपालिकामा छवटा मतदानस्थल छन् । जहाँ दुई हजार ११ जना मतदाता छन् । यहाँका सबै मतदानस्थलमा पुग्न सदरमुकाम जोमसोमदेखि सवारीसाधनमार्फत करिब छ-सात घण्टा समय लाग्ने जिल्ला निर्वाचन अधिकारी लोकेन्द्र ज्ञवालीले जानकारी दिए । यहाँ लोमान्थाङ-२ समजुङ मतदानस्थल सारेर सोही वडाको छोसेरस्थित दिव्य माध्यमिक विद्यालय मतदानस्थलमा गाभिएको जिल्ला निर्वाचन अधिकारी ज्ञवालीले बताए । कोरला सडक मार्गसँग जोडिएका मतदानस्थल र शाखा सडकमा रहेका मतदानस्थल सवारीसाधनको सहज पहुँचमा छैनन् ।

त्यसैगरी लोघेकर दामोदरकुण्ड गाउँपालिकाका मतदान केन्द्रहरूको दूरी पनि १०० किलोमिटर दूरीमा छन् । कोरला सडकअन्तर्गत घिलिङ, घमी, चराङलगायतका मतदानस्थलहरू राष्ट्रिय राजमार्गसँग जोडिएकाले यातायात आउजाउमा सहज भए पनि अन्य मतदानस्थलहरू टाढा रहेकाले त्यहाँ पुग्न जोमसोमदेखि घण्टौं लाग्ने जनाइएको छ ।

मतगणनास्थलदेखि जोमसोमसम्म मतपेटिका ल्याई पुऱ्याउन राति १२ बजेसम्म समय लाग्ने बताइएको छ । माथिल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिकाका पाँच वडामा एक हजार ५४२ जना मतदाता छन् ।

त्यसैगरी, वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाअन्तर्गतका मतदान केन्द्र तथा मतदानस्थलहरूको दूरी जोमसोमबाट करिब ५० किलोमिटर छ । दुई हजार ८८५ मतदाता यस पालिकामा छन् । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि यहाँका पाँच स्थानीय तहमा ३९ मतदानस्थल कायम गरिएका छन् । यहाँ कूल ११ हजार ३२८ जना मतदाता कायम रहेका छन् । *रासस*

# गाउँमै नि:शुल्क लोक सेवा तयारी कक्षा सञ्चालन

**भोजपुर–** रामप्रसाद राई गाउँपालिकाले युवालाई सरकारी सेवामा प्रवेश गर्न प्रोत्साहन गर्ने उद्देश्यले लोक सेवा तथा शिक्षक सेवा आयोगको तयारी कक्षा सञ्चालन गरेको छ ।

गाउँपालिकाभित्र रहेका लोक सेवा तथा शिक्षक सेवा आयोग तयारी गर्न इच्छुक युवालाई लक्षित गरी ४५ दिनको नि:शुल्क विशेष तयारी कक्षा सुरु गरेको हो । स्थानीय तहबाटै लोक सेवा तथा शिक्षक सेवासम्बन्धी जागरण फैलाएर सक्षम र राष्ट्रप्रति उत्तरदायी कर्मचारी उत्पादन गर्ने लक्ष्यसहित कार्यक्रम अघि बढाइएको गाउँपालिकाका अध्यक्ष थामबहादुर राईले जानकारी दिए । उनका अनुसार युवापुस्तामा बढ्दो बेरोजगारी समस्या न्यूनीकरण गर्दै उनीहरूलाई सक्षम, सबल र आत्मनिर्भर बनाउने उद्देश्यले कक्षा सञ्चालन गरिएको हो ।

'अध्ययनरत तथा आवश्यक योग्यता पुगेका विद्यार्थीलाई लक्षित गरेर लोक सेवा र शिक्षक सेवा तयारी कक्षा सञ्चालन गरिरहेका छौं,' अध्यक्ष राईले भने, 'युवालाई रोजगारीसँगै दिगो जीविकोपार्जनका आधारमा जोड्ने लक्ष्य हाम्रो हो । तयारी कक्षाले सरकारी सेवामा प्रवेश गर्ने अवसर सिर्जना गर्ने विश्वास लिएका छौं ।'

स्थानीय तहले सञ्चालन गरेको यस्तो कार्यक्रमले आर्थिकरूपमा कमजोर तथा दुर्गम क्षेत्रका विद्यार्थीलाई विशेष लाभ पुग्ने अपेक्षा गरिएको छ । गाउँपालिकाबाट गएर भोजपुर बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीलाई प्राथमिकतामा राख्दै सोही क्याम्पसपरिसरमा कक्षा सञ्चालन भइरहेको छ ।

हाल उक्त तयारी कक्षामा ५० विद्यार्थी सहभागी छन् । सहभागी विद्यार्थीहरूले स्थानीय सरकारबाट प्राप्त सहयोगले आफूहरू उत्साहित भएको प्रतिक्रिया दिएका छन् । नियमित कक्षा, नमूना प्रश्नपत्र अभ्यास, समूह छलफल तथा मार्गदर्शनमार्फत तयारीलाई प्रभावकारी बनाइँदै आएको छ ।

गाउँपालिकाले आगामी दिनमा आवश्यकता र उपलब्धिका आधारमा यस्ता कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ । ग्रामीण क्षेत्रमै प्रतिस्पर्धात्मक परीक्षा तयारीको अवसर उपलब्ध गराइएपछि विद्यार्थी र अभिभावक खुसी भएका छन् । *रासस*



## Bheemdatt Municipality
## Office of Municipal Executive
**Kanchanpur**

### Invitation for Bid

**(Date of Publication: 2082/11/05)**

1. Bheemdatt Municipality, Office of the Municipal Executive, Mahendranagar, Kanchanpur invites electronic bids from eligible bidders for following works:

| Contract Number | Description Procurement | Estimated Amount in NRs. (Excl. VAT) | Bid Security Amount (NRs) | Bid Documents Fee (NRs) | Last Date of Bid Submission | Date of Bid Opening |
|---|---|---|---|---|---|---|
| 35/NCB/RUI/2082/083 | Various Road Gravelling & Upgrading Works, Ward No. 9 | NPR-21,64,502.16 | NPR- 66,000.00 | 3,000.00 | 6th Chaitra 2082 At 12:00 PM | 6th Chaitra 2082, 13:00 PM |
| 36/NCB/BTR/2082/083 | Blacktop Road Construction Works, Ward no. 1 (Various Road) | NPR-23,48,327.60 | NPR- 60,000.00 | 3,000.00 | | |

2. Eligible Bidders may obtain further information at Bheemdatt Municipality, Office of Municipal Executive, Mahendranagar, Kanchanpur (Tel- 099-521322,521167) or may visit PPMO's website, http://bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## District Hospital Udayapur
**Gaighat**
**Koshi Province, Nepal**

### Invitation For Bid

**Date of Publication: - 2082-11-05 (2026-02-17)**

1. District Hospital Udayapur, Gaighat invites online bids from duly registered eligible national bidders for the following works under National Competitive Bidding.

| S. N. | Contract ID | Description & Location of Works | Estimated Amount (with VAT) (NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs) | Bid Validity Period/Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | UH/NCB/GOODS -04-082/83 | Supply and Delivery of Ration for District Hospital, Udayapur | 56,62,246.38 | 3,000.00 | 1,50,000.00 | 90 days/ 120 days |

2. Information to deposit the cost of bidding document and bid bond in bank:

| | | | |
|---|---|---|---|
| **For Bid Document Fee** | | | |
| Office Name | District Hospital Udayapur | Lase date of Submission | **2082-12-06 (20th Mar. 2026) Time: -12:00 Hrs.** |
| Name of Bank | Rastriya Banijya Bank, Gaighat | Date of Bid Opening | **2082-12-06 (20th Mar. 2026) Time: -13:00 Hrs.** |
| Office Code | 3700211021 | Pre-bid Meeting | **2082-11-26 (10th Mar. 2026) Time: -11:00 Hrs.** |
| Rajaswa Shirshak No. | 14229 | | |
| **For Bid Security** | | | |
| Office Name | Pradesh Lekha Ikai Udayapur | | |
| Name of Bank | Rastriya Banijya Bank, Gaighat | | |
| Dharauti Khata No. | 2090100202030000 | | |

3. Bidder can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp
4. District Hospital Udayapur, Gaighat reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

**Medical Superintendent**
**District Hospital Udayapur**


**कतारमा रोजगार** कम्पनी : MALTI LIL ZIYAFA WA TANZYFAT

पूर्व स्वीकृति मिति : २०८२/११/०४ | LT. No. 339018 | चलानी नं. ६०२५२५१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waitress | 0 | 3 | 1400 | ५५,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | sales executive | 0 | 3 | 2200 | ८७,४८५ | | | | | | | |
| 3. | catering/restaurant supervisor | 0 | 1 | 2500 | ९९,४१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १२ गते (24th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११७७/०७३/०७४
**Pari Overseas Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, 9861252520, 9851050223, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

**कतारमा रोजगार** कम्पनी : INDIAN ALMITHALYA SCHOOL

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/०४ | LT. No. 337704 | चलानी नं. ६०२५१३६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female bus supervisor | 0 | 10 | 2500 | १००,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Vehicle Driver | 10 | 0 | 2200 | ८८,८१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ७ गते (19th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROSE Govt. License 147/056/057
**ROSE OVERSEAS PVT. LTD.**
Chandol Chowk, Bashidhar Marga, Kathmandu, Nepal, Tel.: +977-1-4 446105/ 412874
E-mail: info@roseoverseas.com.np, roseovrs147@gmail.com, Web: www.roseoverseas.com.np

**मलेसियामा रोजगार** कम्पनी : MI JASA FARM SDN BHD — FREE VISA !! FREE TICKET !!!

पूर्व स्वीकृति मिति : २०८२/११/०४ | LT. No. 339080 | चलानी नं. ६०२५२५६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farmer | 2 | 0 | 1700 | ६३,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८२ फागुन १२ गते (24th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**S.And S.Human Resource Pvt. Ltd.**
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-015423287
Fax : +977-1-5423287, E-mail : sands1238@gmail.com
श्रम इजाजत नं. १२३८/०७४/०७५

**साउदीमा रोजगार** कम्पनी : NOFA AGRICULTURAL CO.

पूर्व स्वीकृति मिति : २०८२/११/०४ | LT. No. 339078 | चलानी नं. ६०२५२५७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Farm General Worker | 1 | 0 | 3300 | १२७,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १२ गते (24th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

सम्झौतामा पाँच वर्षभित्र पाँच खर्ब अमेरिकी डलर बराबरका अमेरिकी वस्तु खरिद गर्ने भारतको आशय सबैभन्दा विवादास्पद पक्ष बनेको छ । गत आर्थिक वर्षमा अमेरिकाबाट भारतको कूल आयात करिब ४५ अर्ब डलरमात्र थियो । नयाँदिल्लीस्थित ग्लोबल ट्रेड रिसर्च इनिसिएटिभका अजय श्रीवास्तवका अनुसार वार्षिक खरिद दोब्बर गरेर एक खर्ब डलर पुऱ्याउने लक्ष्य यथार्थपरक देखिँदैन । उनले विमान खरिदलाई मुख्य आधार बनाइए पनि निजी एयरलाइन्सको निर्णयमा निर्भर हुने भएकाले त्यसबाट अपेक्षित परिमाण नआउने तर्क गरेका छन् । यदि आगामी पाँच वर्षमा थप २०० बोइङ विमान खरिद गरिए पनि, प्रतिविमान औसत ३० करोड डलरका दरले जम्मा मूल्य करिब ६० अर्ब डलरमात्र पुग्ने उनको अनुमान छ ।

कतिपय अर्थशास्त्रीहरूले भने 'प्रतिबद्धता' भन्दा 'आशय' शब्द प्रयोग गरिएकोले भारतलाई लचिलोपन मिल्ने बताएका छन् । क्यापिटल इकोनोमिक्सका शिवान टण्डनका अनुसार बाध्यकारी प्रावधान नराखी लक्ष्य निर्धारण गर्दा भविष्यमा लक्ष्य अपूरो रहे पनि कूटनीतिक जोखिम कम हुन्छ । यद्यपि, ट्रम्प प्रशासनको अप्रत्याशित शैलीले अनिश्चितता कायम राखेको विश्लेषकहरूको भनाइ छ । गत जुलाईमा भएको अर्को व्यापार सहमतिको कार्यान्वयनमा ढिलाइ भएको आरोप लगाउँदै ट्रम्पले दक्षिण कोरियामाथि थप कर लगाउने चेतावनी दिएको उदाहरण उनीहरूले स्मरण गराएका छन् ।

ऊर्जा क्षेत्र पनि अर्को संवेदनशील बिन्दु बनेको छ । वासिङ्टनले भारतले रुसी तेल खरिद रोक्ने 'प्रतिबद्धता' जनाएको दाबी गर्दै २५ प्रतिशत अतिरिक्त शुल्क फिर्ता लिएको बताइए पनि संयुक्त वक्तव्यमा यस्तो उल्लेख छैन । भारत सरकारले यसबारे स्पष्ट पुष्टि वा खण्डन गरेको छैन । ऊर्जा नीति राष्ट्रिय हितअनुसार बहुविकल्पीय स्रोतमा आधारित रहने सरकारी धारणा सार्वजनिक छ ।

सन् २०२५ को जनवरीतिर दैनिक करिब ११ लाख ब्यारेल पुगेको रुसी तेल आयात पछिल्लो समय घटेको देखिएको छ । केही राज्य स्वामित्वका रिफाइनरीहरूले भेनेजुएलाबाट तेल खरिद गर्न थालेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । तर रुसी आयात पूर्णरूपमा रोकिने वा नरोकिने विषय अनिश्चित छ । रुसको रोजनेफ्टको आंशिक स्वामित्वमा रहेको मुम्बईस्थित नयारा एनर्जीले दैनिक करिब चार लाख ब्यारेल खरिद गर्ने योजना बनाएको ब्लुमबर्गको रिपोर्टले संकेत गरेको छ ।

फिच सोलुसनअन्तर्गत बिएमआईका डचारेन टेलेका अनुसार भारतले औपचारिक घोषणा नगरी मूल्य र उपलब्धतामा आधारित ऊर्जा नीति अपनाउने संकेत दिएको छ, जसले 'तेल प्लांक' सम्बन्धी अस्पष्टता अझै कायम रहेको देखाउँछ । उनले केही रिफाइनरहरूले रुसी कच्चा तेलको स्पट खरिद घटाएको प्रारम्भिक संकेत भए पनि यसलाई पूर्ण नीतिगत परिवर्तन मान्न नमिल्ने बताए ।

समग्रमा, भारतका लागि यो सहमति आर्थिक विस्तारभन्दा बढी राजनीतिक सन्तुलनको परीक्षा बनेको छ । व्यापार, ऊर्जा र कूटनीतिक दबाबबीच सन्तुलन मिलाउन नसके भविष्यका वृद्धिदर प्रक्षेपणमा असर पर्न सक्ने विश्लेषकहरूको चेतावनी छ । *रासस/एएफपी*

# चोरीका इजिप्टेली सम्पदा फिर्ता

**सिड्नी–** अस्ट्रेलियाको क्विन्सल्याण्डस्थित एक संग्रहालयबाट चोरी भएका बहुमूल्य इजिप्टेली कलाकृतिहरू प्रहरीले तीव्र कारबाहीपछि पुनः बरामद गरेको छ । घटनामा संलग्न रहेको आरोपमा ५२ वर्षीय एक व्यक्तिलाई पक्राउ गरी विभिन्न आपराधिक अभियोग दर्ता गरिएको छ ।

प्रहरीका अनुसार क्विन्सल्याण्ड सहर क्याबुल्चरमा रहेको अबे कला तथा पुरातत्व संग्रहालयमा शुक्रबार बिहान सबेरै झ्याल तोडेर प्रवेश गरिएको थियो । त्यहाँबाट प्राचीन ममीको मुखौटो, ऐतिहासिक कलर, गहनाका टुक्रा तथा काठको बिरालोको मूर्तिकलासहितका अमूल्य वस्तुहरू लगिएको आरोप लगाइएको छ । घटनालाई 'स्म्यास-एण्ड-ग्र्याब' शैलीको चोरीका रूपमा वर्णन गरिएको छ ।

चोरीपछिको अनुसन्धानमा प्रहरीले अर्को दिन संग्रहालयको दक्षिणतर्फ रहेको फेरी टर्मिनल क्षेत्रमा पार्क गरिएको एक कारमा खोजतलास गर्दा अधिकांश सामग्री फेला पारेको जनाएको छ । काठको बिरालोको मूर्तिकला भने प्रारम्भमा भेटिएको थिएन । प्रहरीका अनुसार सोही साँझ संदिग्धलाई नियन्त्रणमा लिँदा उक्त अन्तिम हराएको कलाकृति पनि उनकै साथबाट बरामद गरिएको हो । बरामद गरिएका सामग्रीमा सामान्य क्षति पुगेको बताइएको छ ।

स्थानीय सञ्चारमाध्यमले संदिग्धको पहिचान मिगुएल साइमन मुंगारिएटा मोन्साल्वे नामका व्यक्तिका रूपमा उल्लेख गरेका छन् । उनीमाथि गैरकानुनीरूपमा तोडफोड गरी प्रवेश गरेको, चोरी गरेको तथा जानाजानी क्षति पुऱ्याएको अभियोग दर्ता गरिएको छ । सार्वजनिक प्रसारणकर्ता अस्ट्रेलियन ब्रोडकास्टिङ कर्पोरेसन (एबिसी) का अनुसार सोमबार अदालतमा सरकारी वकिलले ती कलाकृतिहरू चोरी गरिनुका साथै अन्य वस्तुहरूमा 'अपूरणीय क्षति' पुऱ्याइएको दाबी गरेका थिए ।

अभियोजकका अनुसार संदिग्धले प्रहरीसमक्ष संग्रहालय क्याथोलिक चर्चसँग सम्बन्धित रहेको विश्वासका आधारमा उक्त कार्य गरेको बताएका थिए । यद्यपि, यसबारे थप आधिकारिक टिप्पणी सार्वजनिक गरिएको छैन ।

संग्रहालय प्रशासनले सबैजसो वस्तुहरू सुरक्षितरूपमा फिर्ता पाएकोमा राहत महसुस गरेको जनाएको छ । तथापि, तत्काल प्रदर्शनमा राख्न नसकिने स्पष्ट पार्दै प्रत्येक वस्तुको दीर्घकालीन संरक्षणका लागि पेसागत मूल्यांकन र पुनःसंरक्षण आवश्यक रहेको जनाएको छ । यस घटनाले सांस्कृतिक सम्पदाको सुरक्षाबारे पुनः प्रश्न उठाएको विश्लेषण गरिएको छ । *रासस/एएफपी*

**युएइमा रोजगार** कम्पनी : MAKSAB ALNAJAM CARPENTRY & FLOORING CONTRACTING L.L.C S.O.C
पूर्व स्वीकृति मिति : २०८२/११/०१ LT. No. 338943 चलानी नं. ६०२५२५१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper Tile Fixer | 6 | 0 | 1200 | ४७,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १२ गते (24th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com
LIC No. 918/067/68

**युएइमा रोजगार** कम्पनी : BENSON ALOYSIUS CONCRETE CARPENTER CONT.
पूर्व स्वीकृति मिति : २०८२/११/०४ LT. No. 339089 चलानी नं. ६०२५२५८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Masons | 24 | 0 | 1500 | ५९,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter Assistant | 4 | 0 | 1500 | ५९,२४० | | | | | | | |
| 3. | Carpenter/ Construction Carpenter | 12 | 0 | 1500 | ५९,२४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १२ गते (24th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sunlight Recruitment Service Pvt.Ltd.
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np

**कतारमा रोजगार** कम्पनी : BHUME TRADING CONTRACTING AND SERVICES
पूर्व स्वीकृति मिति : २०८२/११/०४ LT. No. 339209 चलानी नं. ६०२५२५८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Public | 44 | 0 | 1000 | ३९,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner Hospital | 0 | 33 | 1000 | ३९,७६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १२ गते (24th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1408/074/75
LEADER OVERSEAS PVT.LTD.
Samakhusi-26, Kathmandu, BAGMATI, Ph No.01-495039, Email :leaderoverseas2018@gmail.com

**कतारमा रोजगार** कम्पनी : AZACO TRADING CONTRACTING AND SERVICES
पूर्व स्वीकृति मिति : २०८२/०६/०७ पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/०४ LT. No. 331371 चलानी नं. ६०२४५६७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 5 | 0 | 2000 | ७९,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners Male | 4 | 0 | 1100 | ४३,७४५ | | | | | | | |
| 3. | Cleaners Female | 0 | 1 | 1100 | ४३,७४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १२ गते (24th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AL-HARMAIN H.R. PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal, T: 01-4584810
Email:- info@alharmainhr.com.np, Web: www.alharmain.com.np
Govt.Lic. No 1160/073/74

**ओमनमा रोजगार** कम्पनी : Ethad Engineers of Commercial Business LLC
पूर्व स्वीकृति मिति : २०८२/०२/२३ पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/०४ LT. No. 325271 चलानी नं. ६०२३९२२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 6 | 0 | 100 | ३५,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १२ गते (24th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 771/065/066
ASMITA INTERNATIONAL OVERSEAS P. LTD.
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com

# आणविक सहमतिसँगै राजनीतिक सन्देश

**बुडापेस्ट–** अमेरिका र हंगेरीबीच नागरिक आणविक सहकार्यसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्ने तयारीबीच अमेरिकी विदेशमन्त्री मार्को रुबियो सोमबार बुडापेस्ट पुगेका छन् । उनले हंगेरीका प्रधानमन्त्री भिक्टर ओर्बन र उनको सरकारसँग उच्चस्तरीय भेटवार्ता गर्दै ऊर्जा तथा रणनीतिक सहकार्यलाई नयाँ चरणमा पुऱ्याउने प्रयास गरेका हुन् ।

सम्झौता हस्ताक्षरको तयारीसँगै यो भेटलाई आगामी अप्रिल १२ मा हुने हंगेरीको संसदीय निर्वाचनको सन्दर्भमा पनि हेरिएको छ । दुई महिनाभित्र पुनः निर्वाचनको प्रतिस्पर्धामा रहेका ओर्बन र उनको फिडेज पार्टीले सन् २०१० मा दक्षिणपन्थी शक्तिले पुनः सत्ता सम्हालेपछि हालसम्मकै कडा चुनौतीको सामना गरिरहेको विश्लेषण गरिएको छ । यसबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ओर्बनप्रति खुला समर्थन व्यक्त गर्दै उनलाई 'बलियो र शक्तिशाली नेता' का रूपमा प्रशंसा गरेका छन् ।

जर्मनीमा आयोजित म्युनिख सेक्युरिटी कन्फरेन्समा सहभागिता जनाएपछि रुबियोले स्लोभाकियाको भ्रमण गर्दै हंगेरी आइपुगेका हुन् । युक्रेनलाई सैन्य सहयोगको विषयमा आरक्षण राख्ने तथा ट्रम्पप्रति सहानुभूति राख्ने मध्य युरोपेली नेतृत्वसँग उनको भेटलाई ऊर्जा सहकार्य विस्तार गर्ने प्रयासका रूपमा व्याख्या गरिएको छ ।

युरोपेली संघ (इयू) भित्र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका सबैभन्दा भरपर्दा समर्थकमध्ये एक मानिने ओर्बनले युक्रेन युद्ध जारी रहे पनि क्रेमलिनसँग सम्बन्ध कायम राखेका छन् । उनले ट्रम्पको 'अमेरिकालाई फेरि महान् बनाऔं' भन्ने राजनीतिक अभियानप्रति पनि समर्थन जनाउँदै आएका छन् । पश्चिमी रूढीवादी वृत्तमा हंगेरीलाई लोकतान्त्रिक संस्थामा आएको क्षरण र आर्थिक चुनौतीका बाबजुद राष्ट्रवादी शासनको उदाहरणका रूपमा प्रस्तुत गरिँदै आएको छ ।

ट्रम्पले आप्रवासनविरुद्ध ओर्बनको कडा नीतिको खुलेर प्रशंसा गरेका छन् । सन् २०१५ मा सिरिया तथा मध्यपूर्व र अफ्रिकाका देशहरूबाट आएका शरणार्थीहरूको लहर रोक्न हंगेरीको दक्षिणी सीमामा पर्खाल निर्माण गरिएको थियो । त्यस्तै, ओर्बन नेतृत्वको सरकारले यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका अधिकार सीमित गर्ने नीति अपनाएको छ । गत वर्ष बुडापेस्ट प्राइड उत्सवमा प्रतिबन्ध लगाइनुका साथै त्यसमा सहभागी हुने व्यक्तिको पहिचान गर्न अनुहार चिन्ने प्रविधि प्रयोग गर्न अनुमति दिइएको थियो । समलिंगी विवाह र दत्तक ग्रहण (अरुको बच्चा अपनाउने प्रक्रिया) मा पनि कडा प्रतिबन्ध लगाइएको छ, तथा ट्रान्सजेण्डर व्यक्तिलाई आधिकारिक कागजातमा लिंग परिवर्तन गर्न अनुमति नदिइएको जनाइएको छ ।

ऊर्जा नीतिमा पनि ओर्बन दृढ देखिएका छन् । इयूले रुसी ऊर्जामाथि निर्भरता घटाउने प्रयास गरिरहे पनि हंगेरीले रुसी ऊर्जा खरिद जारी राखेको छ । *रासस/एपी*

খুম্ব পাসাঙল্হামু গাউঁপালিকা

# खुम्बु पासाङल्हामु गाउँपालिका
## Khumbu Pasanglhamu Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल
Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

## Invitation For Bids

**Date of publication: 2082-11-05 (17th Feb, 2026)**

1. Khumbu Pasanglhamu Rural Municipality, Solukhumbu invites electronic bids from Nepalese eligible bidders for the following project under National Competitive Bidding procedures.

| IFB No. | Description of Works | Estimated Amount (Include VAT & PS) | Bid Security NRs | Bid Docs Fee | Bid Validity Period | Bid Bond Security Period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 37/NCB/WORKS/BLDG/KPLRM/2082-83 | Maintainance of Flooring works at ward office of kplrm-04, Solukhumbu | 2,499,532.12 | 65,000.00 | 3000.00 | 90 Days | 120 Days | |
| 38/NCB/WORKS/BLDG/KPLRM/2082-83 | Construction of khumjung Youth Club Parafit at kplrm-04, Solukhumbu | 1,949,526.97 | 50,000.00 | 3000.00 | 90 Days | 120 Days | |
| 39/NCB/WORKS/BLDG/KPLRM/2082-83 | Maintainance of Kerok Gumba at kplrm-05, Solukhumbu | 1,463,942.71 | 37,000.00 | 3000.00 | 90 Days | 120 Days | |
| 40/NCB/WORKS/ROAD/KPLRM/2082-83 | Namche dekhi Phurte jane Baato pahiro niyantran at kplrm-05, Solukhumbu | 1,187,166.00 | 30,000.00 | 3000.00 | 90 Days | 120 Days | |
| 41/NCB/WORKS/ROAD/KPLRM/2082-83 | Maintainance of Saamde Raod at kplrm-05, Solukhumbu | 1,466,504.52 | 37,000.00 | 3000.00 | 90 Days | 120 Days | |
| 42/NCB/WORKS/BLDG/KPLRM-2082/083 | Maintainance of Khumjung Ma.Bi at kplrm-04, Solukhumbu | 3,906,206.58 | 98,000.00 | 3000.00 | 90 Days | 120 Days | |

2. Eligible bidders may obtain further information and inspect the e-bid Forms at the website of PPMO www.bolpatra.gov.np. and should submit online bids electronically through PPMO e-GP portal www.bolpatra.gov.np.
3. For detail information contact in Khumbu Pasanglhamu Rural Municipality, Tel. No. 038590066, email: ito.khumbupasanglhamumun@gmail.com

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ३०२८०० | प्रति तोला - ० | प्रति तोला - ४८६० |

## पर्यटन बोर्ड र जापानको वाकायामाबीच सम्झौता

■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपाल र जापानबीच पर्यटन कूटनीतिलाई सुदृढ बनाउने उद्देश्यले नेपाल पर्यटन बोर्ड र जापानको वाकायामा प्रिफेक्चरबीच पर्यटन सहकार्यसम्बन्धी समझदारीपत्र (एमओयु) मा हस्ताक्षर भएको छ ।

भृकुटीमण्डपस्थित नेपाल पर्यटन बोर्डको सभाहलमा सोमबार आयोजित कार्यक्रममा दुवै पक्षले संयुक्त प्रवर्द्धन, ज्ञान आदान-प्रदान तथा दिगो पर्यटन विकासका क्षेत्रमा सहकार्य गर्ने प्रतिबद्धता जनाएका छन् । समझदारीपत्रमा नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशी र वाकायामा प्रिफेक्चरका गभर्नर इजुमी मियाजाकीले हस्ताक्षर गरे ।

यस समझदारीले संयुक्त पर्यटन प्रवर्द्धन तथा मार्केटिङ, पर्यटनसम्बन्धी सूचना र उत्कृष्ट अभ्यासको आदानप्रदान, विज्ञ तथा अधिकारीहरूको भ्रमण आदानप्रदान, सञ्चार तथा जनसम्पर्क सहकार्य र सांस्कृतिक रूपमा सम्मानजनक तथा दिगो पर्यटन प्रवर्द्धनलाई प्राथमिकता दिने जनाइएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अनिलकुमार सिन्हाले जापानदेखि गभर्नर नेतृत्वको टोलीको नेपाल भ्रमण स्वागतयोग्य कदम रहेको उल्लेख गर्दै नेपाल-जापान कूटनीतिक सम्बन्ध स्थापनाको ७०औँ वर्षका सन्दर्भमा भएको यो सहकार्य दिगो र उत्तरदायी पर्यटन प्रवर्द्धनका लागि महत्वपूर्ण हुने धारणा व्यक्त गरे । 'दुवै देशले सांस्कृतिक विषयलाई उच्च महत्व दिएका छन् । ७० वर्षे कूटनीतिक सम्बन्धको सन्दर्भमा भएको यो सहकार्यले दिगो पर्यटनलाई बलियो आधार प्रदान गर्नेछ', उनले भने ।

त्यसैगरी मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले नेपाल-जापानबीचको दीर्घकालीन सम्बन्ध स्मरण गर्दै यस समझदारीलाई पर्यटन प्रवर्द्धनका लागि ऐतिहासिक कदमका रूपमा व्याख्या गरे । 'नेपाल र जापानबीच लामो समयदेखिको सम्बन्ध छ । हिमालयको देश तथा भगवान् बुद्धको जन्मस्थल नेपालका लागि बजार विविधीकरणका लागि यो समझदारी यो उपयुक्त समय हो', उनले भने ।

वाकायामा प्रिफेक्चरका गभर्नर इजुमी मियाजाकीले इतिहास र संस्कृतिले समृद्ध नेपालसँग सहकार्य गर्न पाउँदा खुसी व्यक्त गरे । 'इतिहास र संस्कृतिले समृद्ध नेपालसँग समझदारी गर्न पाउँदा हामी खुसी छौँ । यस समझदारीले नेपाल र वाकायामाबीच पर्यटन प्रवर्द्धन थप सुदृढ हुने विश्वास लिएको छु', उनले भने ।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले जापानलाई नेपालको महत्वपूर्ण पर्यटन स्रोत बजारमध्ये एकका रूपमा उल्लेख गर्दै पछिल्लो समय जापानी पर्यटक आगमनमा करिब आठ प्रतिशत वृद्धि भएको जानकारी दिए ।

समझदारी हस्ताक्षरको मितिदेखि लागू भई आपसी समझदारीका आधारमा कार्यान्वयन गरिने उल्लेख गरिएको छ । सहकार्यसम्बन्धी गतिविधिको समन्वयका लागि दुवै पक्षले सम्पर्क विन्दु तोक्ने तथा खर्च आ-आफ्नै रूपमा व्यहोर्ने व्यवस्था गरिएको छ । कानुनी रूपमा बाध्यकारी नभए पनि पारस्परिक सद्भाव र विश्वासमा आधारित यो समझदारीले सात दशक लामो नेपाल-जापान सम्बन्धलाई पर्यटनमार्फत थप सुदृढ बनाउने विश्वास गरिएको छ ।

## कारबाहीमा तीन वाणिज्य बैंक

**काठमाडौं (प्रस)**– नेपाल राष्ट्र बैंकले तीनवटा वाणिज्य बैंकलाई कारबाही गरेको छ । नेपाल राष्ट्र बैंक ऐन तथा बैंक वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशनविपरीत काम गरेको आरोपमा एनआइसी एसिया बैंक लिमिटेड, ग्लोबल आइएमई बैंक लिमिटेड र नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड कारबाहीमा परेका हुन् ।

'एनआइसी एसिया बैंक लिमिटेडले यस बैंकबाट जारी गरिएको निर्देशन बारम्बार उल्लंघन गर्दै वित्तीय विवरण प्रकाशन गर्दै आएको र यस बैंकबाट उक्त बैंकलाई जारी गरिएको लिखित आदेशको समेत पालना नभएको पाइएकोले उक्त बैंकका तत्कालीन सञ्चालक समितिका अध्यक्ष तुलसीराम अग्रवाल र तत्कालीन प्रमुख कार्यकारी अधिकृत रोशनकुमार न्यौपानेलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोश्रो संशोधन २०७३ सहित) को दफा १०० उपदफा २ (ग) बमोजिम समान रु दुई लाख नगद जरिवाना गरिएको छ', राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिमा भएको कारबाहीको विवरणमा उल्लेख छ ।

त्यसैगरी ग्लोबल आइएमई बैंक लिमिटेडको स्थलगत निरीक्षण प्रतिवेदन, २०८२ को आधारमा कैफियत देखिएपछि उक्त बैंकका प्रमुख कार्यकारी अधिकृतलाई सचेत गराइएको छ ।

त्यसैगरी, नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडले राष्ट्र बैंकबाट जारी गरिएको निर्देशनको विपरीत कर्जाको सुरक्षण नहुने किसिमले कर्जासँग सम्बन्धित कागजातहरूमा ग्राहकको सहीछाप नगराएको तथा सुरक्षणले खामेकोभन्दा बढी कर्जा प्रवाह गरेको जनाइएको छ ।

## नेप्से परिसूचक आठ अंकले घट्यो

**काठमाडौं (प्रस)**– नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको गिरावट भएको छ । सोमबार नेप्से परिसूचक आठ दशमलव १६ अंकले घटेर दुई हजार ६६२ दशमलव ९१ को बिन्दुमा कायम भएको छ ।

३३५ कम्पनीको एक करोड ९६ लाख १६ हजार ३९५ कित्ता सेयर ८० हजार ५५९ पटक खरिदबिक्री हुँदा रु सात अर्ब ९४ करोड २७ लाख ६० हजार २२० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा वित्त समूह शून्य दशमलव ५६, होटल तथा पर्यटन शून्य दशमलव ४३ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ४९ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ ।

बैंक समूह शून्य दशमलव ०५, विकास बैंक शून्य दशमलव ४६, जलविद्युत् एक दशमलव ०२, लगानी शून्य दशमलव ६०, जीवन बीमा शून्य दशमलव ४५, लघुवित्त शून्य दशमलव २३, म्युचुअल फन्ड शून्य दशमलव २३, म्युचुअल फन्ड शून्य दशमलव २१, निर्जीवन बीमा शून्य दशमलव ४६, व्यापार शून्य दशमलव ६८ र अन्य समूह शून्य दशमलव ०७ प्रतिशतले घटेको छ ।

बुद्धभूमि नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड, रिलायन्स स्पिनिङ मिल्स लिमिटेड र सलपा विकास बैंक लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडको सेयर मूल्य नौ दशमलव ३८ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका सेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै रिडि पावर कम्पनी लिमिटेडको रु ६५ करोड तीन लाख २२ हजार १६३ बराबरका रु २० लाख १४ हजार १२६ कित्ता सेयर किनबेच भएको छ ।

## घरजग्गा कारोबारबाट गत माघमा पाँच अर्ब राजस्व संकलन

**काठमाडौं (प्रस)**– गत माघ महिनामा देशभरका मालपोत कार्यालयहरूले रु पाँच अर्ब नौ लाख २४ हजार राजस्व संकलन गरेका छन् । गत पुसमा रु पाँच अर्ब १७ करोड ३२ लाख राजस्व संकलन गरेकामा माघमा भने केही घटेको हो । देशभरको मालपोतको राजस्व संकलनलगायतको विवरण राख्ने भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार घरजग्गाको कारोबार उल्लेख्य रूपमा बढ्न सकेको छैन । विभागका अनुसार गत माघ महिनामा कुल ५० हजार ८३७ लिखत पारित भएको छ । गत वर्षको तुलनामा यस वर्षको माघमा लिखत पारितको संख्यामा केही बढोत्तरी भएको छ ।

विभागका अनुसार गत माघमा सेवा करबापत रु ३१ करोड ५८ लाख ७२ हजार ४८८, रजिस्ट्रेसन दस्तुर रु दुई अर्ब ६८ करोड ६९ लाख ४२ हजार ५३२ संकलन भएको थियो । त्यसैगरी पुँजीगत लाभकरबापत रु एक अर्ब ९६ करोड ५५ लाख १२ हजार २६७ संकलन भएको विभागले जनाएको छ ।

## उपकरण प्रयोग गरेर जुट तयारी गर्न थालियो

**इटहरी (प्रस)**– पूर्वी तराई क्षेत्रमा जुट अनुसन्धान केन्द्रले पछिल्लो समय बोक्रा छोडाउने उपकरणको प्रयोग गर्न थालेको छ । जुट अनुसन्धान केन्द्र इटहरीले अघिल्लो वर्ष मोरङमा उपकरण प्रयोग गरेर यसको सुरुआत गरेकामा यसपटक सुनसरीको देवानगञ्जमा उपकरण प्रयोग गरेको जानकारी दिइयो । जुट धुने मानिसको अभाव हुँदा उपकरण किसानलाई प्रोत्साहन गर्नकै लागि प्रदर्शनमा राखेर आवश्यक ज्ञान दिई बोक्रा छोडाउने प्रयोग गरिएको केन्द्रका प्रमुख सन्तोषराज त्रिपाठीले जानकारी दिए ।

उनले भने, 'अब उत्पादन बढाउनका लागि धेरै क्षेत्रफलमा लगाउन ठूला किसानलाई प्रोत्साहन गर्नुपर्ने हुँदा उपकरण प्रयोग गरेर सहज बनाउन थालिएको छ । भारत र बंगलादेशमा पनि उपकरणकै प्रयोग गर्ने गरिएको छ ।'

अनुसन्धान केन्द्रका अनुसार पूर्वको तराईका जिल्लामा सात हजार हाराहारी हेक्टरमा जुटखेती लगाउँदा दस हजार हाराहारी मेट्रिक टन उत्पादन हुने गरेको छ । कृषि विकास मन्त्रालयको कृषि सूचना तथा प्रशिक्षण केन्द्रको बुलेटिनमा उल्लेख गरिए अनुसार आर्थिक वर्ष २०८०/८१ मा सात हजार २२० हेक्टर क्षेत्रफलमा जुट लगाउँदा दस हजार २२० मेट्रिक टन जुट उत्पादन भएको छ ।

पूर्वका जिल्लामध्ये सबैभन्दा बढी सुनसरी र मोरङमै जुटखेती हुने गर्छ । यी बाहेक झापा, सिरहा, सप्तरी र उदयपुरमा पनि जुटखेती हुने गर्छ । अहिले नेपालमा उत्पादन भएको जुटले यहाँका उद्योगका लागि १० देखि १५ प्रतिशतसम्म धान्ने गर्छ । बाँकी ८५ देखि ९० प्रतिशत उद्योगका लागि चाहिने कच्चापदार्थ भारत र बंगलादेशबाट ल्याउने गरिन्छ । देशभर सञ्चालित ११ उद्योगमध्ये अहिले छ बन्द छन् ।

# कर्पोरेट

## एनआइसी एसिया क्यापिटल र होटेल इस्टर्न नेपालबीच सम्झौता




**काठमाडौं (प्रस)** - एनआइसी एसिया क्यापिटल र होटेल इस्टर्न नेपालबीच आईपीओ जारी गर्ने सम्बन्धमा सम्झौता भएको छ । क्यापिटलले आफ्नो 'आईडिया टु आईपीओ'सेवा अन्तर्गत मेचिनगर-१०, झापामा कारोवार कार्यालय रहेको होटेल इस्टर्न नेपाल लिमिटेडको प्रबन्धपत्रमा व्यवस्था भए अनुसार प्रचलित कानूनको अधिनमा रही भविष्यमा सर्वसाधारणहरूमा प्राथमिक सेयर निष्कासन गर्नको लागि सेयर निष्कासन तथा बिक्री प्रबन्धक नियुक्ति गर्ने सम्बन्धी दुई पक्षिय सम्झौता गरेको हो ।

होटेल ईस्टर्न नेपाल संचालनको व्यवस्थापकिय सम्झौता समेत सम्पन्न भइसकेको छ । जस अन्तर्गत होटलको समग्र व्यवसाय विस्तार, होटल संचालन तथा व्यवस्थापनमा प्रत्यक्ष सहभागिता रहने छ । निर्माणको अन्तिम चरणमा रहेको होटेल इस्टर्न नेपाल यही मिति २०८३ साल वैशाख भित्र नियमित रूपमा संचालनको लागि बुकिङ्ग खुल्ला गर्ने लक्ष्य सहित सम्पूर्ण आवश्यक प्रकृयाहरू अगाडी बढाएको छ । होटल संचालनमा आउन साथ पाँच तारा होटल स्तरको सम्पूर्ण सेहवाहरू उपलब्ध हुनेछन् । होटेलको निर्माण सम्पन्न गरी नियमित संचालमा आएको अवस्थामा होटेल रहेको स्थान इण्डियन बोडर बाट जम्मा ७ कि.मि.को दुरी रहेको तथा इण्डियन एरपोर्ट, बागडोरा जम्मा २७ कि.मि.को दुरीमा रहेको हुँदा इण्डियन ग्राहकहरूको उपस्थित बाक्लो रहने अनुमान गरिएको हुँदा होटलको व्यवसाय विस्तार सहज र सरल हुन गई होटेलले उचित आम्दानी आर्जन गर्न सक्ने बलियो सम्भावन रहेको छ ।

## गुरू ट्राभल्स र क्लासिक टेकबीच व्यवसायिक सहकार्य सहमति




**काठमाडौं (प्रस)** नेपालकै पहिलो पब्लिक लिमिटेड ट्राभल कम्पनी, गुरु ट्राभल्स लिमिटेड तथा नेपालको सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा सशक्त रूपमा स्थापित इन्टरनेट सेवा प्रदायक कम्पनी क्लासिक टेक प्रा.लि. सँग व्यावसायिक सहकार्यका लागि समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको छ । क्लासिक टेक प्रा.लि.का चिफ बिजनेस डेभलपमेन्ट अफिसर रोजित भट्टराई तथा गुरु ट्राभल्स लिमिटेडका चिफ अपरेटिङ अफिसर अनिल धरेल बीच हस्ताक्षरित समझदारीपत्र सार्वजनिक गरिएको हो ।

सम्झौताअनुसार गुरु ट्राभल्स लिमिटेड तथा क्लासिक टेक प्रा.लि. दुवै संस्थाका कर्मचारी तथा सरोकारवालाहरूका लागि विशेष छुट तथा सुविधाहरू उपलब्ध गराइने व्यवस्था गरिएको छ । यस अन्तर्गत गुरु ट्राभल्स लिमिटेडले, क्लासिक टेक प्रा.लि. संस्थाका कर्मचारी तथा सरोकारवालाहरूलाई ष्लतभचलबतष्यलबा ट्राभल प्याकेजमा रु. १०,००० सम्मको विशेष छुट, डोमेस्टिक ट्राभल प्याकेजमा २.५ प्रतिशत छुट तथा डोमेस्टिक हवाई यातायात सेवामा प्रति टिकट रु. ५० नगद छुट प्रदान गर्नेछ । साथै, क्लासिक टेक प्रा.लि.ले गुरु ट्राभल्स लिमिटेड संस्थाका कर्मचारी तथा सरोकारवालाहरूलाई इन्टरनेट प्याकेज, कर्पोरेट कम्युनिकेशन सेवा तथा अन्य डिजिटल समाधानहरूमा १५ प्रतिशत छुट प्रदान गर्ने व्यवस्था गरिएको छ (क्लासिक टेकका कर तथा सेवा शुल्क बाहेक)। साथै, दुवै संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत सञ्चालन गरिने विभिन्न कार्यक्रम तथा गतिविधिहरूमा आपसी सहकार्य गर्ने सहमति गरेका छन् ।

कार्यक्रममा क्लासिक टेक प्रा.लि.का चिफ बिजनेस डेभलपमेन्ट अफिसर रोजित भट्टराईले यो सहकार्यमा जोडिन पाउँदा खुशी व्यक्त गर्दै भने, "गुरु ट्राभल्स लिमिटेडसँग भएको व्यावसायिक सहकार्यले दुवै संस्थाबीच प्रविधिमैत्री सेवा विस्तार गर्न सहयोग पुग्नेछ । यस सहकार्यबाट ग्राहकहरूलाई थप छिटो, भरपर्दो तथा गुणस्तरीय इन्टरनेट सेवा प्रदान गर्न सकिनेछ र डिजिटल प्रवर्द्धनमार्फत पर्यटन क्षेत्रको विकासमा समेत सकारात्मक योगदान पुग्नेछ ।"

त्यस्तै, गुरु ट्राभल्स लिमिटेडका चिफ अपरेटिङ अफिसर अनिल धरेलले यस समझदारीले गुरु ट्राभल्स लिमिटेडका सेवा तथा डिजिटल प्लेटफर्मलाई थप प्रभावकारी बनाउने, ग्राहकलाई अनलाइन बुकिङ, जानकारी प्राप्ति तथा डिजिटल सेवामा सहज पहुँच उपलब्ध गराउने र क्लासिक टेकको भरपर्दो तथा छिटो इन्टरनेट सेवामार्फत ट्राभल व्यवसायलाई अझ प्रविधिमैत्री बनाउने विश्वास व्यक्त गरे ।

## कजारियाको नयाँ शोरूम जनकपुरमा




**जनकपुर (प्रस)**– प्रिमियम तथा नवीन डिजाइनका टायल उत्पादनमा अग्रणी ब्रान्ड कजारियाले जनकपुरमा नयाँ एक्सक्लुसिभ शोरूम उद्घाटन गर्दै नेपालमा आफ्नो उपस्थिति थप सुदृढ गरेको छ । बाबा अटोमाटा ट्रेडिङ प्रा. लि. द्वारा सञ्चालनमा ल्याइएको उक्त शोरूम जनकपुर तथा आसपासका क्षेत्रमा उच्च गुणस्तरका टायलप्रति बढ्दो मागलाई सम्बोधन गर्ने उद्देश्यले स्थापना गरिएको हो। शोरूमले ग्राहकहरूलाई आधुनिक र व्यवस्थित खरिद अनुभव प्रदान गर्नेछ ।

शोरूमको उद्घाटन कजारिया रमेश टायल्स लिमिटेडका निर्देशक हिमांशु अग्रवालले गरेका थिए । कार्यक्रममा विभिन्न प्रतिष्ठित व्यक्तित्वहरू, उद्योग क्षेत्रका प्रतिनिधिहरू तथा स्थानीय ग्राहकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । साथै, क्षेत्रका अग्रणी इन्जिनियर तथा आर्किटेक्टहरूको सहभागिताले गुणस्तरीय पूर्वाधार तथा निर्माण विकासप्रति बढ्दो प्रतिबद्धता झल्काएको थियो । कार्यक्रममा मिस नेपाल इन्टरनेशनल २०२५ उरुषा भण्डारी तथा मिस नेपाल कोसमो २०२५ दीपशिखा नेपालको उपस्थितिले समारोहलाई थप गरिमा प्रदान गरेको थियो ।

जनकपुरको प्रमुख स्थानमा अवस्थित नयाँ शोरूममा कजारियाका प्रिमियम टायल संग्रहहरू आकर्षक र व्यवस्थित रूपमा प्रदर्शित गरिएको छ । ग्राहकहरूले आवासीय, व्यावसायिक तथा आर्किटेक्चरल प्रयोगका लागि उपयुक्त विविध डिजाइन तथा शैलीहरू आधुनिक र ग्राहक-मैत्री वातावरणमा अवलोकन गर्न सक्नेछन् ।

## कुमारी बैंकलाई 'आइएसओ/आइइसी २७००१:२०२२' सूचना सुरक्षा प्रमाणपत्र



**काठमाडौं (प्रस)**– कुमारी बैंक लिमिटेडले अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त 'आइएसओ/आइइसी२७००१:२०२२' सूचना सुरक्षा व्यवस्थापन प्रणाली प्रमाणपत्र प्राप्त गरेको छ । यस प्रमाणपत्रले बैंकको सूचना सुरक्षा नीति, प्रक्रिया तथा नियन्त्रणहरू अन्तर्राष्ट्रिय मापदण्डअनुरूप रहेको देखाउछ ।

यस प्रमाणपत्रले बैंकको सूचना सुरक्षा जोखिम पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गर्ने राम्रो क्षमता रहेको र सो अन्तर्राष्ट्रिय मापदण्डबमोजिम रहेको सुनिश्चित गर्दछ । साथै, यस प्रमाणपत्रमार्फत बैंकले ग्राहकहरूको तथ्याङ्क सुरक्षित तथा गोप्य राखेको, आवश्यक परेको बेला उपलब्ध गराउने, अनधिकृत पहुँचबाट जोगाउने गरेको र सुदृढ सुरक्षा प्रणाली कार्यान्वयन गरिरहेको छ भनि प्रमाणित गर्छ । डिजिटल बैंकिङ सेवाहरूको तीव्र विस्तारसँगै साइबर सुरक्षा र डाटा गोपनीयता ग्राहक तथा सरोकारवालाहरूको प्रमुख चासोको विषय बनेको अवस्थामा यस बैंकले मोबाईल बैंकिङ, इन्टरनेट बैंकिङ, कार्ड सेवा तथा आन्तरिक प्रणालीहरूमा उच्चस्तरीय सुरक्षा मापदण्डहरू लागू गरेको छ ।

यस अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र खनालले भने, 'ग्राहकको विश्वास नै बैंकिङ सेवाको आधार हो । 'आइएसओ/आइइसी२७००१:२०२२' प्रमाणपत्र प्राप्त गर्नु ग्राहकको वित्तीय सूचनाको सुरक्षाप्रति हाम्रो दृढ प्रतिबद्धताको प्रतिविम्ब हो । सुरक्षित र विश्वसनीय बैंकिङ वातावरण प्रदान गर्न हामी प्रविधि, जनशक्ति र प्रक्रियामा निरन्तर लगानी गर्दै जानेछौं ।'

बैंकले नियमित जोखिम मूल्याङ्कन, कर्मचारी सचेतना कार्यक्रम, सुरक्षा परीक्षण तथा निरन्तर निगरानी प्रणालीमार्फत सम्भावित साइबर जोखिमहरूको रोकथाम, पहिचान तथा व्यवस्थापन गर्ने संरचना कार्यान्वयन गर्दै आएको छ । बैंकले सूचना सुरक्षा एक पटकको उपलब्धि नभई निरन्तर सुधारको प्रक्रिया भएको र आगामी दिनहरूमा पनि नियामक मापदण्ड तथा अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासहरू अनुरूप आफ्ना सुरक्षा संयन्त्रहरू थप सुदृढ गर्दै जाने प्रतिबद्धता जनाएको छ ।

## ज्योति विकास बैंकका ग्राहकलाई रोयल क्लिनिङमा विशेष छुट




**काठमाडौं (प्रस)**– ज्योति विकास बैंक लिमिटेडले काठमाडौं रातोपुलस्थित रोयल क्लिनिङ सर्भिसेज् एण्ड सप्लायर्स प्रालिमा विशेष छुट प्रदान गर्ने सम्बन्धी सम्झौता गरेको छ ।

यस सम्झौतापश्चात्, ज्योति विकास बैंकका ग्राहकहरूले उक्त कम्पनीबाट उपलब्ध विभिन्न सफाइ तथा सम्बन्धित सेवाहरूमा ५० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । व्यावसायिक दक्षता, गुणस्तरीय सेवा र ग्राहक सन्तुष्टिलाई प्राथमिकता दिँदै आएको यस कम्पनीले घर, कार्यालय तथा व्यावसायिक स्थानहरूका लागि भरपर्दो र प्रभावकारी सफाइ सेवा प्रदान गर्दै आएको छ । ज्योति विकास बैंकका ग्राहकहरूलाई उक्त कम्पनीबाट सोफा तथा अपहोल्स्ट्री सफाइ, शौचालय सफाइ, चिम्नी सफाइ, पानी ट्यांकी सफाइ, किरा नियन्त्रण (बेडबग), एसी सर्भिसिङ लगायतका विभिन्न सेवाहरूमा छुट प्रदान गर्ने भएको छ ।

## लिट्मस् इन्डस्ट्रिजलाई सीमापार विद्युत् परियोजनामा स्वीकृति




**काठमाडौं (प्रस)**– नेपालको तार, केबल तथा कन्डक्टर उत्पादन गर्ने सबैभन्दा ठूलो उद्योग लिट्मस् इन्डस्ट्रिज लिमिटेडले भारतको पावर ग्रिड कर्पोरेशन अफ इन्डिया (पीजीसीआईएल) बाट उच्च क्षमताको विद्युत् प्रसारण लाइन आपूर्ति सम्बन्धी महत्वपूर्ण सम्झौता हासिल गरेको छ । पीजीसीआईएल भारतको केन्द्रीय विद्युत् प्रसारण निकाय हो, जसले देशको अन्तरराज्यीय तथा सीमापार विद्युत् प्रसारण सञ्जाल सञ्चालन गर्छ। यस स्वीकृतिसँगै लिट्मस् इन्डस्ट्रिज सीमापार विद्युत् प्रसारण परियोजनाका लागि चयन हुने एकमात्र नेपाली उत्पादक बनेको छ ।

सम्झौता अनुसार लिट्मस् इन्डस्ट्रिजले ४०० केभी एसीएसआर मूस कन्डक्टर २,७९९ किलोमिटर उत्पादन तथा आपूर्ति गर्नेछ। यी कन्डक्टरहरू नेपालको डिडिङ्ग-ढल्केबर र भारतको बथनाहा सीमापार विद्युत् प्रसारण लाइन परियोजनामा प्रयोग गरिनेछ । उक्त प्रसारण लाइन ९०० मेगावाट क्षमताको अरुण-३ जलविद्युत् आयोजनासँग सम्बन्धित छ। नेपालमै पहिलो पटक ४०० केभी एसीएसआर मूस कन्डक्टर उत्पादन हुन लागेको हो। यसले देशको प्रविधिक तथा औद्योगिक क्षमतामा महत्वपूर्ण उपलब्धि हासिल गर्दछ ।

परियोजना स्वीकृत गर्नु अघि पावर ग्रिड कर्पोरेशन अफ इन्डियाले लिट्मस् इन्डस्ट्रिजको कारखानाको गहन मूल्याङ्कन गरेको थियो। यस क्रममा उत्पादन प्रक्रिया, उत्पादन क्षमता, गुणस्तर नियन्त्रण तथा परीक्षण प्रणाली, साथै समग्र कारखाना पूर्वाधारको समीक्षा गरिएको थियो । ढल्केबर-बथनाहा प्रसारण लाइन नेपालका महत्वपूर्ण ऊर्जा आयोजनामध्ये एक अरुण-३ जलविद्युत् आयोजनासँग सम्बन्धित मुख्य सीमापार संयोजन हो । ९०० मेगावाट क्षमताको यो आयोजनाले नेपालको ऊर्जा सुरक्षालाई सुदृढ बनाउने अपेक्षा गरिएको छ । यसले औद्योगिक विकासलाई सहयोग गर्ने र नेपाल-भारतबीचको विद्युत् व्यापार विस्तार गर्ने विश्वास गरिएको छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ